# ग्रामीण कन्दरा

**चारतारे युवा क्लव**

**सिवाईसी नेपाल**

**संरक्षक**

चण्डिप्रसाद शर्मा पौडेल

**प्रधान सम्पादक**

जगन्नाथ आचार्य

**सम्पादन तथा**

**कम्प्यूटर ले-आउट**

सुमन जि.सी

**व्यवस्थापन**

संगिता शर्मा पौडेल

प्रतिभा शर्मा

**प्रकाशक**

**चारतारे युवा क्लव सिवाईसी नेपाल**

बा.न.पा.-३, समिक्षालयरोड,

सम्पर्क नं: ०६८-५२०१४६

**मुद्रण**

सयपत्री अफसेट प्रेस

बा.न.पा.-२, बागलुङ

सम्पर्क नं: ०६८-५२०८८९


## यसभित्र...................................


| शिर्षक | पेज नं. |
|---|---|
| साधारण सभाको चिठी | १ |
| संस्थागत परिचय | २-९ |
| अध्यक्षको कलम | १०- |
| आ.व. ०७३।०७४ को वार्षिक प्रगति प्रतिवेनद र आ.व. ०७४।०७५ को प्रस्तावित नीति तथा कार्यक्रम | ११-२९ |
| आ.व. ०७३।०७४ को आर्थिक प्रगति प्रतिवेदन र ०७४।०७५ को प्रस्तावित आय-व्यय विवरण | ३०-३४ |
| ०७३।०७४ को लेखापरिक्षण प्रतिवेदन | ३५-४० |
| सभा सञ्चालन कार्यविधि | ४१-४३ |
| सफलताका कथाहरु | ४४-४७ |
| समाचार | ४८-५० |
| नोट | ५१ |

जि.प्र.का.द.नं. ५४, स.क.प.आ.नं. ११६९ ने.रा.वै आ.नं. ५

"सामाजिक एकता आजको आवश्यकता"

# चारतारे युवा क्लव, नेपाल

CHARTARE YOUVA CLUB, NEPAL

केन्द्रिय कार्यालयः बागलुङ नगरपालिका वडा नं. ३ समिक्षालय रोड बागलुङ बजार

Phone No.: +977 68 520146, Fax: +977 68 520877, E-mail: cycnpl@gmail.com

प.सं:- ०७४/०७५ मितिः- २०७४/०८/२७

च.नं:-१६९

## विषयः- २६ औं वार्षिक साधारण सभा सम्वन्धमा ।

श्री .............................................................................. ज्यू

...............................................................................

...................................................................... ।

महोदय,

यस संस्थाको कार्यसमितिको मिति ०७४/०७/०१ गते वसेको बैठकको निर्णयानुसार **"सामाजिक एकता, आजको आवश्यकता"** भन्ने मूल नाराका साथ तपसिलमा उल्लेखित विषयवस्तुहरुमा छलफल गरी निर्णय गर्न निम्न स्थान मिति र समयमा **२६ औं वार्षिक साधारण सभा**को आयोजना गरिएकाले आफ्नो एकप्रति अटोसाईजको फोटो सहित उपस्थित भै दिनु हुन अनुरोध गरिन्छ । संस्थाको संस्थागत विकासमा सदस्यहरुको महत्वपूर्ण भूमीका रहने भएकाले सो दिनका सबै कार्यक्रममा उपस्थित भै सक्रिय सहभागिताको अपेक्षा राखीएको छ ।

### कार्यक्रम हुने स्थान, मिति र समय

**स्थानः**- होटल दि राजन बागलुङ बजार ।
**मितिः**- ०७४/०९/२९ गते ।
**समयः**- विहान ठिक ११:00 बजे ।

### साधारण सभामा कार्यसमितिवाट प्रस्तुत प्रस्तावहरु

१) गणपुरक संख्या सम्बन्धि जानकारी ।
२) प्रतिवेदक र गणकको नियुक्ति सम्वन्धमा ।
३) सभा सञ्चालन कार्यविधि सम्वन्धमा ।
४) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनीधिको मनोनयन सम्वन्धमा ।
५) आ.व. ०७३/०७४ को प्रगती प्रतिवेदन, आ.व. ०७४/०७५ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुती, छलफल र पारीत ।
६) आ.व. ०७३/०७४ को आर्थिक प्रगती प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र ०७४/०७५ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत छलफल र पारित ।
७) आ.व. ०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमीक सम्वन्धमा ।
८) संस्थाको नीति, नियम र निर्देशिका सम्वन्धमा ।
९) परियोजना सम्वन्धमा ।
१०) "घ" वर्गको वितीय संस्थाका लागि कार्य गर्ने अख्तियारी सम्वन्धमा ।
११) दायीत्व सम्वन्धमा ।

(चण्डिप्रसाद शर्मा पौडेल)
अध्यक्ष

# संस्थाको परिचय

**संस्थाको ऐतीहाँसीक पृष्ठभुमी**

चारतारे युवा क्लव नेपाल, सम्पूर्ण राष्ट्रप्रेमी समाजसेवी, विकास प्रेमी सवै प्रकारको अन्याय अत्याचारको विरुद्ध दृढताका साथ अघि बढ्ने न्यायपूर्ण सु-संस्कृत समानतामा आधारित सुदृढ र आत्मनिर्भर समाजको निर्माण गर्ने चाहना भएका नेपालीहरुको साझा संस्था हो । साविकको तित्याङ्ग गा.वि.स वडा नं ९ अदुवावारी स्थीत पं रवि प्रसाद उपाध्याय को ऐतिहाँसीक घरमा २०४९।०६।२० का दिन भएको भेलावाट यो संस्था स्थापनाको परिकल्पनालाई वर्तमान अध्यक्ष चण्डि प्रसाद शर्मा पौडेलको पहलमा साकार पारिएको हो ।

**परिकल्पना (Vision) ः**

मानवीय श्रोतको उच्चतम परिचालन भएको स्वस्थ सामाजिक, आर्थिक शिक्षित, स्वावलम्वी र आत्मनिर्भर समाज ।

**ध्येय (Mission) ः**

- पिछडिएका वर्गहरुको सामाजिक र आर्थिक अवस्थामा सुधार ।
- समुदायमा आधारित संस्थाहरु (CBO), स्थानीय गैर सरकारी संस्थाहरु र (LNGO) को क्षमता अभिबृद्धि गर्ने र सरकारी गैर सरकारी निकाय संग समन्वय गरी प्राप्त श्रोत साधनको उपयोग र सदुपयोग गर्दै स्थानीय श्रोत र साधनको अधिकतम परिचालन र व्यबस्थापनबाट दिगो र संस्थागत विकास ।
- संस्थाद्धारा संचालित कार्यक्रमहरुलाई अन्य संघसंस्थाहरुसंग प्रभावकारी समन्वय गरी प्रजनन् स्वास्थ्य तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गरी जनस्वास्थ्यमा सुधार ल्याउन पहल गर्ने ।

**लक्ष्य ः (GOAL)**

- उत्प्रेरणा स्वावलम्बन एवं सशक्तिकरणका लागि प्राप्त हुने वा हुन सक्ने अवसर र वातावरण सृजना गर्ने ।
- विद्यमान ज्ञान, सिप र धारणामा समयानुकुल परिवर्तन गर्ने ।
- सामाजिक परिचालनबाट सहभागितामा आधारित विकास प्रक्रियालाई अगाडी बढाई दिगो र संस्थागत विकासका लागि सरकारी, गैह्र सरकारी र सहकारी संघ संस्थाहरुलाई विकासका लागि अभिप्रेरित गर्ने ।
- सामुदायिक परिचालन कार्यक्रम मार्फत उच्च बाल तथा मातृमृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुर्‍याउने ।

**उद्धेश्यहरु ः (OBJECTIVES)**

- शिक्षाको महत्व दर्शाउँदै सामाजिक विकासका लागि जनचेतना अभिबृद्धि गर्ने ।
- महिला शसक्तिकरण  सम्बन्धि कार्यहरु गर्ने ।
- आयमुलक कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- बालबालिका, महिला र फरक क्षमता भएका हरुका लागि विविध कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- सरकारी गैह्र सरकारी संघ संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने ।
- वातावरणीय सन्तुलन र सवै प्रकारको उर्जा प्रवर्धनमा सक्रिय भई काम गर्ने, गराउने ।
- विकास निर्माणका कार्यहरु जस्तो - बाटो, घाटो, बनजंगल, देवालय, सार्वजनिक जग्गा, सिंचाई, कुलो, शौचालय, स्वास्थ्य शिक्षा, उर्जा विकास, सामाजिक संस्कृति, खेलकुद, संचार जस्ता विविध सामाजिक कार्यहरुमा सक्रिय सहभागि भै काम गर्ने, गराउने

- विभिन्न सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तरार्ष्ट्रिय संघ संस्थाहरु संग भाईचाराको सु-सम्बन्ध अभिबृद्धि गर्दै सहयोगको आदान प्रदान गर्ने ।
- समुह, व्यक्ति र सदस्यहरुको क्षमता अभिबृद्धिका लागि वित्तिय कारोवार संचालन गर्ने, गराउने ।
- दिगो भू -व्यबस्थापन सम्बन्धि काम गर्ने, गराउने ।
- सामाजिक परिचालनको माध्यमबाट उपलब्ध स्वास्थ्य सेवालाई प्रभावकारी बनाई सेवा उपभोगदरमा बृद्धि ल्याई बाल तथा मातृ मृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने ।

**मुख्य नारा, मन्त्र, काम, रणनीति, समन्वय, सहजिकरण, कार्यशैलि र प्रतिवद्धता**

- **मुख्य नारा** : सामाजिक एकता, आजको आवश्यकता ।
- **मुख्य मन्त्र** : सुचना, संगठन, बचत र सीप ।
- **मुख्य काम** : माटो, बाटो, पानी खाल्टो ,"शिक्षा, स्वास्थ्य, लघुवित्त वाट उज्यालो भविष्य" ।
- **रणनिती** : राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने ।
- **समन्वय** : १२ महिना १२ भेट विकास सुचना Up To Date
- **सहजिकरण** : विकासमा महिला, सहजिकरण, सहभागिता र पारदर्शितामा पहिला
- **कार्यशैलि** : रहरले काम गर्छौ, हँासेर सेवा गर्छौ ।
- **प्रतिवद्धता** : काम वाडौं, आजको काम आजै गरौं, भोलि भन्न छाडौं ।

**कार्यक्षेत्र**

- नेपाल अधिराज्यभर ।
- हाल ६ जिल्लामा प्रत्यक्ष कार्यरत ।
- अप्रत्यक्ष रुपमा ३५ जिल्लामा कार्यरत ।

**संस्थाका कार्यालयहरुको विवरण**

| क्र.स | कार्यालयको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १. | केन्द्रिय कार्यालय | बा.न.पा.-२, बागलुङ बजार | ०६८-५२०१४६ |
| २. | बागलुङ शाखा | बा.न.पा.-२, बागलुङ बजार | ०६८-५२२९८२ |
| ३. | हटिया शाखा | ग.न.पा.-हटिया-३, लोकतन्त्र चोक | ०६८-४१२०४६ |
| ४. | तम्घास शाखा | रेसुङ्गा न.पा.-८, खानीगाउँ | ०७९-५२११२८ |
| ५. | बेशिसहर शाखा | बेशिसहर न.पा.-३, पुराना बैंक चोक | ०६६-५२०६८३ |
| ६. | सुन्दरबजार शाखा | सुन्दरबजार न.पा.-७, भिमसेन चोक | ०६६-४०२१९२ |
| ७. | खर्वाङ शाखा | बडिगाढ गाउँपलीका-२, खर्वाङ | ०७९-४१२०८२ |
| ८. | बुर्तिवाङ शाखा | ढो.न.पा.-१, बुर्तिवाङ बजार | ०६८-४१००७१ |
| ९. | कुश्मिसेरा शाखा | जैमीनी न.पा.-१, कुश्मिसेरा | ०६८-४२१०५७ |
| १०. | शान्तिपुर शाखा | चन्द्रकोट गा.पा.-१, शान्तिपुर | ९८५७६४६२११ |
| ११. | तानसेन शाखा | ता.न.पा.-२, वडिगानटोल | ०७५-५२१०४० |
| १२. | बेलवगर शाखा | जैमीनी न.पा.-८, बेलवगर | ०६८-६२००४६ |

| | | | |
|---|---|---|---|
| १३. | बरेङ शाखा | बरेङ गा.पा.-२, बागलुङ | ०६८-६२००८९ |
| १४. | अक्षते शाखा | काठेखोला-२, भिमापोखरा अक्षते | ९८५७६४६२१४ |
| १५. | दमौली शाखा | व्यास न.पा.-२, तनहु | ०६५-५६२५६९ |
| १६. | खैरेनीटार शाखा | शुक्लागण्डकी न.पा.-७, खैरेनीटार तनहु | ०६५-४१२३६४ |
| १७. | रामपुर शाखा | रामपुर न.पा.-७, पाल्पा | ०७५-४००४५९ |
| १८. | भोर्लेटार शाखा | मध्यनेपाल न.पा.-६, भोर्लेटार | ०६६-४१०१६३ |
| १९. | वामी शाखा | मुसीकोट न.पा.-७, वामी | ०७९-४१२०८१ |
| २०. | पुर्तिघाट शाखा | कालीगण्डकी गा.पा.-४ पुर्तिघाट गुल्मी | ०६८-६२००८५ |
| २१. | छत्रगञ्ज शाखा | छत्रदेव गाउँपालीका- ५, अर्घखाँची | ०६८-६२००५४ |
| २२. | सीमलटारी शाखा | मालिका गा.पा.-८, गुल्मी | ९८५७६४६२२१ |

**मानविय श्रोत**

- संरक्षक, सल्लाहकार र संचालक गरी १४ जनाको संचालक समिति ।
- आजिवन र विशिष्ठ गरी २००० जना संस्थाका सदस्यहरु
- विभिन्न विषयमा विज्ञ १३० जना पुर्णकालिन कर्मचारीहरु ।
- १० जना कृषि जे टी ए हरु ।
- १०० जना अनुभवि अगुवा कृषकहरु ।
- ३७९१८ सहयोगि सदस्यहरु ।

**सिवाईसी लघुवित्त कार्यक्रमबाट प्रदान गरिने बचत र ऋणका शिर्षक तथा ब्याजदर**

**बचतका शिर्षक र ब्याजदर**

| क्र.स | बचतका शिर्षक | ब्याजदर |
|---|---|---|
| १ | अनिवार्य बचत | ६ प्रतीशत |
| २ | व्यक्तिगत बचत | ६ प्रतीशत |
| ३ | सिवाईसी पेन्सन बचत | एकमुष्ठ * |
| ४ | विशेष बचत | १० देखी ११ प्रतीशत |
| ५ | उपकारकोष बचत | ६ प्रतिशत |
| ६ | घर निर्माण बचत | ६ प्रतिशत |
| ७ | बाल बचत | ६ प्रतिशत |
| ८ | पर्व बचत | ६ प्रतिशत |
| ९ | गरगहना बचत | ६ प्रतिशत |

* १५ वर्ष अवधि पुगेपछी जम्मा भएको बचत रकमको ५ गुणा उपलव्ध गराईने ।

**ऋणका शिर्षक र ब्याजदर**

| क्र.स | ऋणको किसीम | ऋण सीमा | ब्याजदर |
|---|---|---|---|
| १ | साधारण ऋण | ३ लाख | १८ प्रतीशत |
| २ | मौषमी ऋण | १० हजार | १८ प्रतीशत |
| ३ | घर निर्माण ऋण | ५० हजार | १८ प्रतीशत |
| ४ | लघुउद्यम व्यवसाय विकास ऋण | ५ लाख | १८ प्रतीशत |

**नोट**


- ऋणिको क्षमताको आधारमा ऋणको किस्ता निर्धारण गरिने छ।
- ऋणिको क्षमता र धितोको आधारमा लघुउद्यम व्यवसाय विकास ऋणको सिमा घटवढ हुन सक्ने छ।
- व्याजदर समय समयमा बजारको अवस्था अनुरुप परिवर्तन हुन सक्ने छ।

**सामाजिक सुरक्षा तथा मानविय समवेदनाका लागि सञ्चालीत कार्यक्रमहरु**


- जिवन सुरक्षा योजान
- आवास सुरक्षा योजना
- सुत्केरी भेटघाट तथा सहयोग
- शैक्षिक सहयोग
- विरामि भेटघाट
- समवेदना तथा श्रदाञ्जली
- कर्जा सुरक्षण तथा मिनाह
- आवाश्यक तालिम, गोष्ठिहरु वाट क्षमता अभिवृदी सेवा तथा समन्वय

## सिवाईसी लघुवित्त कार्यक्रमको विगत ५ वर्षदेखिको विकासक्रम

**सदस्य संख्या र ऋणी संख्या**



**बचत परिचालन र लगानीमा बाँकी ऋण**




## समिती तथा उपसमितिहरुको विवरण

### कार्यसमिति

| क्र.स | संचालकको नाम | ठेगाना | पद | सम्पर्क फोन |
|---|---|---|---|---|
| १ | पद्मनाथ शर्मा पौडेल | बा.न.पा २, वागलुङ | संरक्षक | ९८५७६२००६९ |
| २ | चण्डिप्रसाद शर्मा पौडेल | बा.न.पा. - ९ बागलुङ | अध्यक्ष | ९८५७६२०१४६ |
| ३ | लक्ष्मण खड्का | बा.न.पा. - ९ बागलुङ | उपाध्यक्ष | ९८४७६६७७२२ |
| ४ | विर वहादुर किसान | बा.न.पा -२, माझकोट | सचिव | ९८४७६२००१२ |
| ५ | गण्डकी अधिकारी | वडिगाड गा.पा.-७ | सह-सचिव | ९८५७६२९१२६ |
| ६ | बीमला गुरुङ | बा.न.पा. - २, बागलुङ | कोषाध्यक्ष | ९८४७६२२२०५ |
| ७ | गोपाल कुमार शर्मा | बा.न.पा. - ८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ८ | सीता शर्मा | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ९ | ओमप्रकाश पौडेल | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८४७६३१०४८ |
| १० | किरण थापा | बा.न.पा. - ९ बागलुङ | सदस्य | ९८५७६२५५५८ |
| ११ | रेशमवहादुर के.सी. | बा.न.पा.-११, वागलुङ | सदस्य | ९८५७६२०१३१ |
| १२ | देव वहादुर श्रेष्ठ | बा.न.पा -२, बागलुङ | सल्लाहाकार | ०६८५२०१९२ |
| १३ | जगन्नाथ आचार्य | बा.न.पा -४, बागलुङ | सल्लाहाकार | ९८५७६२०७९४ |

| | | | | |
|---|---|---|---|---|
| १४ | ईन्द्रराज पौडेल | जैमीनी न.पा.-८, बागलुङ | सल्लाहाकार | ९८४७७२९५३६ |

## उप-समितिहरुः-

### लघुवित्त कार्यक्रम समन्वय उपसमिति

| क्र.स | शाखाको नाम | शाखा संयोजक | पद | फोन/मोवाईल |
|---|---|---|---|---|
| १. | चण्डिप्रसाद शर्मा पौडल | तित्याङ-९, बागलुङ | संयोजक | ९८५७६२०१४६ |
| २. | लक्ष्मण खड्का | तित्याङ-३, वागलुङ | सदस्य | ९८४७६६७७२२ |
| ३. | वीरवहादुर किसान | वा.न.पा.-२, वागलुङ | सदस्य | ९८४७६२००१२ |
| ४. | गण्डकी थापा अधिकारी | भिमगिठे-१, वागलुङ | सदस्य | ९८५७६२९१२६ |
| ५. | विमला गुरुङ | अम्मरभुमी-८, वागलुङ | सदस्य | ९८४७६२२२०५ |
| ६. | गोपालकुमार शर्मा | सिगाना-४, वागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ७. | सीता शर्मा | तित्याङ-९, वागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ८. | ओमप्रकाश पौडेल | तित्याङ-९, वागलुङ | सदस्य | ९८५७६३१०४८ |
| ९. | किरण थापा | तित्याङ-७, वागलुङ | सदस्य | ९८५७६२५५५८ |
| १०. | रेशमवहादुर के.सी | तित्याङ-९, वागलुङ | सदस्य | ९८५७६२०१३१ |
| ११. | ईन्द्रराज पौडेल | जैदी-७, वागलुङ | सदस्य | ९८४७७२९५३६ |
| १२. | जगन्नाथ आचार्य | वा.न.पा.-११, वागलुङ | सदस्य | ९८५७६२०७९४ |
| १३. | रोशनकुमार अधिकारी | प्रमुख कार्यकारी अधिकृत | सदस्य सचिव | ९८५७६४६५०० |

### महिला शशक्तिकरण तथा बाल विकास उपसमिति

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | गण्डकी थापा अधिकारी | वडिगाड गा.पा.-७, बागलुङ | संयोजक | ९८५७६२९१२६ |
| २ | विमला गुरुङ | अम्मरभुमी-८, वागलुङ | सदस्य | ९८४७६२२२०५ |
| ३ | सीता शर्मा | बा.न.पा.-९ | सदस्य | ९८५७६२०७१८ |
| ४ | किरण थापा | बा.न.पा.-९ | सदस्य | ९८५७६२५५५८ |
| ५ | अमृता थापा | बा.न.पा.-९ | सदस्य | ९८५७६२५५५८ |
| ६ | कविता थापा | बाठेखोला गा.पा.-७ | सदस्य | ९८०६१३५०९८ |

### ऋण उपसमिति

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | विर वहादुर किसान | वा.न.पा.- ३, माझकोट | संयोजक | ९८४७६२००१२ |
| २ | प्रेमप्रसाद शर्मा | बा.न.पा.-९, तित्याङ | सदस्य | ९८५७६२०९८७ |
| ३ | संगिता शर्मा पौडेल | बा.न.पा.- ५, रात्माटा | सदस्य सचिव | ९८४७६२४५७४ |

### शिक्षा, संस्कृति, सूचना तथा प्रकाशन उपसमितिः

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | गोपाल कुमार शर्मा | बा.न.पा.-८, सिगाना | संयोजक | ९८५७६२०७५४ |

| | | | | |
|---|---|---|---|---|
| २ | सीता शर्मा | बा.न.पा.-९, तित्याङ | सदस्य | ९८५७६२०७१८ |
| ३ | कविराज जि.सी | बा.न.पा.-८, सिगाना | सदस्य | ९८४७६३१२४४ |

**कर्मचारी सुपरीवेक्षण अनुगमन तथा पदपूर्ति उपसमितिः**

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | लक्ष्मण खड्का | बा.न.पा.-९, बागलुङ | संयोजक | ९८४७६६७७२२ |
| २ | सिता शर्मा | बा.न.पा.-९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ३ | गोपाल कुमार शर्मा | बा.न.पा.-८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |

**आन्तरिक लेखा परिक्षण तथा सुपरिवेक्षण उपसमितिः**

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | सीता शर्मा | वा.न.पा -२ | संयोजक | ०६८-५२०१९२ |
| २ | विमला गुरुङ | वा.न.पा -२ | सदस्य | ९८४७६२२२०५ |
| ३ | संगिता शर्मा पौडेल | वा.न.पा -३ | सदस्य | ९८५७६२४५७४ |

**संस्थाद्धारा सञ्चालन भएका कार्यक्रमहरुः**

- दिगो भू-व्यबस्थापन कार्यक्रम ।
- किसान किसान कृषी प्रसार कार्यक्रम ।
- स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण कार्यक्रम ।
- ग्रीमिण खानेपानी तथा सरसफाई कार्यक्रम ।
- सुमार्ग कार्यक्रम ।
- समयदान तथा समय व्यवस्थापन कार्यक्रम
- जिवन र जिविका कार्यक्रम ।
- सामुदायिक वन विकास कार्यक्रम ।
- सुरक्षीत मातृत्व कार्यक्रम (समता र पहुँच कार्यक्रम)
- युवा आकाश कार्यक्रम ।
- हामी सक्छौं कार्यक्रम ।
- स्थानिय शासन तथा सामुदायीक विकास कार्यक्रम ।
- समुदायमा सिवाईसी कार्यक्रम

**काम गर्दै जाँदा संस्थामा आएका परिवर्तनहरु**

- पुरुष कर्मचारीहरुलाई सुत्केरी स्याहार विदा ।
- जनशक्ति शव्दको सट्टामा मानविय श्रोत शव्दको प्रयोग ।
- सानो दुध खाने महिला कर्मचारीका लागि १२.१५ देखी १२.४५ वजे् सम्म स्तनपान समय तोकि विशेष सहुलिएत प्रदान ।
- सानो वच्चा भएको् तथा घरमा कामको वोझ भएका महिला कर्मचारीहरुलाई सामान्यता कार्यालय समय भन्दा १५ मिनेट ढिलो भएपनि गएल नगर्ने ।

- महिला कर्मचारीहरुलाई सुत्केरी अगाडि र पछाडि गरी २ महिना तलवि विदा तथा विशेष अवस्थावाट कार्यालयवाट हाजिर हुन नसक्ने अवस्था भएमा १ महिना थप वेतलवी विदा दिने व्यवस्था ।
- गर्भवति कर्मचारीलाई महिनामा १ दिन गर्भ परिक्षण विदा
- सुश्री, श्रीमती, श्रीमानको सट्टा श्री मात्र लेख्ने प्रचलन ।
- सभा सम्मेलन तथा अन्य कार्यक्रमहरुमा सम्वोधन गर्दा वा वोल्दा सभापति शव्दको सट्टा अध्यक्ष र सभाध्यक्ष जस्ता शदको प्रयोग ।
- सिवाईसीका समिति उपसमितिहरुमा समावेशिकरण ।
- व्याच वितरण गर्दा महिला र पुरुष दुवैलाई सहभागि गराउने गरिएको ।
- आईमाई शव्दको सट्टामा महिला शव्दको प्रयोग ।
- सभा सम्मेलन आदिमा सम्वोधन गर्दा महिला तथा सज्जनवृन्द शव्दको सट्टामा दाजुभाई दिदिवहिनी भनेर सम्वोधन ।

**सिकाईहरु**

- संस्थाद्वारा संचालित कार्यक्रम सहयोगि निकायले सहयोग गर्ने वेलासम्म मात्र चल्ने होईन त्यस पछाडि पनि चल्ने गरी योजना तथा कार्यान्वयन गर्नुपर्दछ ।
- परनिर्भर मुखी नबनी आत्मनिर्भरताका उपायहरु संचालनमा ल्याउनु पर्दछ ।
- स्थानिय श्रोत र साधानमा आधारीत कार्यक्रमहरु चिरस्थायी दिर्घजीवी हुने रहेछन्
- नेपालको विकासमा पैसाको खाँचो होईन विचारको खाँचो रहेछ ।
- समाजसेवा भनेको आफ्नो मानो खाई अर्काको गाना गाउने काम रहेछ ।
- संस्थाको निरन्तर संचालनका लागि Social Security मा काम गर्नु पर्दो रहेछ ।
- स्थानिय स्तरमा उठाएका सवालहरु राष्ट्रिय मुद्दा वन्न सक्ने रहेछन् ।
- युवाहरुको विदेश पलायन रोक्न कृषि क्षेत्रको समग्र विकास गर्नुपर्दछ ।
- युवा वेच्ने होईन उत्पादन वेच्नु पर्दछ ।

# रुपान्तरणको विभिन्न चरणमा सिवाईसी



**चण्डीप्रसाद शर्मा पौडेल**
**अध्यक्ष**

सामाजिक विकास संस्था सिवाईसी नेपाल २५ वर्ष पुरा गरी २६ औं वर्षमा प्रवेश गरिरहेछ। यसका युवा चाहाना र उत्साहाहरु मुखरीत भईरहेका छन् । संस्था लघुवित्तको माध्यमवाट गरिवी न्यूनीकरण र समाज रुपान्तरणको महाअभियानमा निरन्तर क्रियाशिल छ। संस्था आज देशका ६ जिल्लामा प्रत्यक्ष र ३५ जिल्लामा अप्रत्यक्ष रुपमा आफ्नो उपस्थिती देखाउन सफल भएको छ। संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउनका लागि हाम्रा धैरै सहकर्मी योद्धाहरुले मन वचन र कर्मले योगदान पुऱ्याउनु भएको छ। स्थापनाका यात्रीहरु मध्ये केही हामीहरुलाई छोडेर ईतीहाँस वनीसक्नु भएको छ भने कोही नीरन्तर रुपमा सामाजिक परिवर्तनको यात्रामा छौं। संस्थाको यो प्रगतिको क्षणमा ति तमाम मित्रहरु जो स्थापनामा खट्नु जुट्नु भयो हामीलाई हौंसला प्रेरणा दिनुभयो, अहिले पनी निरन्तर क्रियाशिल हुनुहुन्छ सबैप्रती म हार्दीक आभार एवं कृतज्ञता प्रकट गर्दछु।

संस्था स्थापना २०४९ देखि ५१ सम्मको समय संस्था विकासको आखावाट हेर्दा गठनको चरणमा रहयो। समान र साभा बुझाई भएका सामुहीक कार्य गर्न स्वतस्फुर्त भई निश्चीत उद्देश्यका साथ लागेका हामी उमेरको हिसावले परिपक्क थिएनौ। अभावै अभावमा हाम्रो यात्रा अगाडि वढेको थियो। संस्थासंग श्रोतको कमीका कारण कसैले पठाएको चिठीको खामलाई उल्टो बनाएर फेरी चीठि पठाउथ्यौं। कार्यालय, कार्यालय डुलेर फाईल, रजिष्टर, पञ्चीङ, स्टीज मेसीन यस्तै यस्तै सामान मागेर गुजरा चलाउदै अगाडि वढेउ। खाल्टे चर्पी वनायौं। देउराली चोक बजारको छेउदेखि गौडाकोटसम्म जाने मोटरबाटो ट्र्याक निर्माण, धैरै ठाउमा गोरेटो/घोडेटो बाटो निर्माण जस्ता कार्यहरु गऱ्यौं जसले गर्दा समाजमा हाम्रो छवि बृद्धि हुदै गयो।

०५२ देखि ०५७ को समयलाई हामीले आक्रामक तरिकाले विकासका कार्यहरुमा संलग्न हुँदै संगठनलाई व्यापकता दिन सफल भयौं। यतिवेला हामीले काम गरेर संगालेका केही अनुभव हामीसंग थिए। संस्था सञ्चालनका मुल्य मान्यताहरुलाई हामीले स्थापीत गरेका थियौं। ४ वटा मन्त्रहरु सुचना, संगठन, बचत र सिपको प्रभाव समाजमा देखिन थालेको थियो। शुरुका ४ कार्यहरु माटो, बाटो, पानी, खाल्डोले मात्र समाजको आवश्यकता पुरा हुदैन भने हामीले बुझिसकेका थियौं त्यसैले शिक्षा, स्वास्थ्य र लघुवित्तबाट उज्यालो भविष्य भन्दै थप ३ वटा कामहरु समावेश गऱ्यौं। यो चरणमा हामीले ग्रामीण पूर्वाधार विकास कार्यक्रम (RIDP) संग मिलेर बागलुङलाई, वागलुङ बुर्तिवाङ र बागलुङ कुश्मिसेरा गरि दुईतिरबाट पहिलोपटक ग्रामीण मोटरबाटोको सञ्जालमा जोड्ने महत्वपूर्ण कार्य गऱ्यौं। संस्थालाई नेपाल राष्ट्र बैंकवाट वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा रुपान्तरण गरि आत्मनिर्भरताका पाईलाहरु अगाडि बढायौं। **"माग्ने मानीस, माग्ने संस्था, माग्ने देश कहिल्यै समृद्ध हुन सक्दैन"** भन्दै हाम्रा पुर्खाको गौरवशाली परम्परालाई आत्मसात गर्दै हामीले संस्थालाई दिने संस्थाको रुपमा रुपान्तरण गऱ्यौं।

२०५७ देखि ०६५ सम्मको चरण संस्था विकासको चरणका रुपमा रहयो, आफु मात्र होईन सबैलाई आत्मनिर्भरताको लागि अभिप्रेरीत गर्न सफल भयौं। यो समयलाई सिवाईसीको विकास र बृद्धिको रुपमा हेर्दा स्वर्ण युगको रुपमा लिन सकिन्छ। यहि समयमा वित्तीय पहुँचभन्दा वाहिर रहेका ३५००० सदस्यहरुलाई वित्तीय पहँचमा ल्याउन सफल भयौं। तर हामीले सोचे जस्तै सदस्यहरुमा उद्यमशिलताको विकास हुन सकेको छैन। उनीहरुलाई वित्तीय हिसावले साक्षर

बनाउदै **“बचतमा बृद्धि, जीवनमा समृद्धि”** को मुल नाराका साथ अभियानलाई व्यापक बनाई सहश्राव्दी विकास लक्ष्य प्राप्ती र समृद्ध नेपाल निर्माणको कार्यमा लागीरहयौं । आजपनी हाम्रा हकवालाहरु सिवाईसीको छाहारीमा आईसकेपछि उनीहरु चिन्तामुक्त हुनुपर्दछ हाम्रा सेवा तथा उत्पादनहरुले यो कुराको सुनिश्चीतता प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ अगाडि वढिरहेका छौं ।

२०६५ देखि हालसम्मको अवधिलाई हामीले संस्थागत र आत्मनिर्भरताको चरणका रुपमा लिएका छौं । यस अवधिमा संस्थाले आत्मनिर्भरता हाँसील गर्नुका साथै सिवाईसी ब्राण्डको रुपमा परिचीत भएको छ । उत्कृष्ट काम गर्ने सामाजिक संस्थाको रुपमा समाज कल्याण परिषद र गै.स.स. महासंघवाट संयुक्त रुपमा सम्मानीत भएको छ । दाताहरुको परनिर्भरतालाई पुर्ण रुपमा अन्त्य गरेको छ । दैवि विपत्ती, दैवी प्रकोप जस्ता विषयलाई तुरुन्त सम्वोधन गर्नका लागि मुष्ठिदानको अभियान चलाई स्वंयसेवी दस्तामार्फत सेवा प्रदान गरिएको छ । युवाहरुलाई सामाजिक कार्यमा उत्साह र हौंसला बढाउनका लागि सिर्जनशिल युवा परिषद (Creative Youth Council-CYC ) को स्थापना गरिएको छ । २०७५ को आगमनसंगै संस्थाद्वारा सञ्चालीत लघुवित्त कार्यक्रम राष्ट्रिय स्तरको “घ” वर्गको वित्तीय संस्थामा रुपान्तरीत हुँदै अर्को महत्वपूर्ण चरणमा प्रवेश गरको छ । तित्याङको सानो भूगोलबाट आज असिमीत फड्को मार्दै संस्था देशव्यापी बनीरहेछ । यो हामी सबै सिवाईसीकर्मीको गौरवको विषय हो । हस्तान्तरण पछि सिवाईसी संस्था फेरी शुन्यवाट अगाडि वढ्नुपर्ने अवस्था छ । यसका लागि सरोकारवालाहरुको विगतमा जस्तै सकृयता र निरन्तरताको खाँचो छ । संस्था हाम्रा हकवालाहरुको उन्नती प्रगतिमा निरन्तर लाग्ने, कर्मचारीहरुको लागि आम्दानीको वैकल्पीक बाटो तय गर्ने योजनामा रहेको छ । हामी छिट्टै नै एउटा ईन्भेष्टमेण्ट कम्पनी स्थापनाको अन्तीम चरणमा जुटीरहेका छौं । आ.व. ०७५।०७६ मा एकपटक फेरी गरिवी विरुद्ध शंखघोष गर्दै व्यापक जनलहर उतार्ने सोचमा संस्था रहेको छ । यसका लगि सदा झै यहाँहरुको माया ममता र सद्भावको अपेक्षा राख्दछौं । हामीले शुरु गरेका परिवर्तनका कार्यहरुले सबैलाई खुसी बनाउन त नसकिएला तर धैरै जना खुसी भए भने सफलता ठहर्ने छ ।

**अन्त्यमा,**
राज्य लोकतान्त्रीक गणतन्त्रमा परिचालीत छ । देश सवल भएपछि गैरसरकारी संस्थाहरुको विकास प्रतिको भूमिका कम हुदै जान्छ त्यसपछि खवरदारी वा सचेतनाको भूमिका वढि हुने हुँदा परिवर्तीत अवस्थामा संस्था अविचलीत रुपमा अघि वढ्ने प्रतिवद्धता जाहेर गर्दै हाल विश्वले लिएको सन् २०१६-३० दिगो विकास लक्ष्यलाई हाँसील गर्न सक्दो सहयोग र श्रोत परिचालन गर्ने अठोटका साथ सिवाईसी सधै गरिवी न्यूनीकरणको यात्रामा संघर्षरत हुदै सबैको साथ सहयोगबाट अगाडि वढ्ने दृढता राख्दै यहाँहरुको उन्नती प्रगती र सु-स्वास्थ्य एवं दिर्घायूको कामनाका साथ लेखनीलाई अन्त्य गर्दछु ।

जय सिवाईसी ।।
मितिः २०७४।०९।२९

# चारतारे युवा क्लव नेपालको २६ औं वार्षिक साधारण सभाको अवसरमा संस्थाका सचिव श्री बिरबहादुर किसानज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष ०७३/०७४ को प्रगति प्रतिवेदन र आर्थिक वर्ष ०७४/०७५ को प्रस्तावित नीति तथा कार्यक्रमः-

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, आदरणीय संरक्षक तथा सल्लाहाकारज्यूहरु, विशिष्ठ अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न कार्यालय एवं संघ संस्थावाट आउनुभएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संस्थाका विशिष्ठ, आजीवन र सहयोगि शुभेछुक सदस्यज्यूहरु, पत्रकार मित्रहरु लगायत विभिन्न तह र तप्कावाट यहाँ उपस्थित महानुभावहरु ,

सर्वप्रथम म यस चारतारे युवा क्लव सिवाईसी नेपाल बागलुङको २६ औं वार्षिक साधारण सभामा संस्थाको तर्फवाट आ.व. ०७३/०७४ को प्रगति प्रतिवेदन र आ.व. ०७४/०७५ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित बनेको छु ।

**अध्यक्ष महोदय, आदरणीय सभासदज्यूहरु,**

२०४८/०६/२० मा साविकको तित्याङ ९ अदुवावारी स्थित स्व. पण्डित रविप्रसाद उपाध्यायको ऐतिहाँसिक घरमा सूचना, संगठन, वचत र सीपको चारताराालाई मूल मन्त्र बनाई माटो, वाटो, पानी, खाल्डो जस्ता कार्यक्रमहरुको उद्घोषका साथ समाज रुपान्तरणको पुनित उद्देश्यका लागी स्थापित **सिवाईसी** आज आफ्नो आयतन र आयामलाई वढाँउदै **सिवाईसी नेपाल** वन्न सफल भएको छ। प्रारम्भमा मानवीय श्रोतको उच्चतम परिचालन भएको शोषण रहित आत्मनिर्भर समाजको निर्माण गर्ने परिकल्पना राखी स्थापित यो संस्था जन्मको हिसावले २५ वर्ष पुरा भै २६ वर्षमा लागिरहेछ। यस अवधिसम्म अनेक आरोह अवरोहका वावजुद संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने संस्थापकहरु कोही अलविदा भै सक्नु भएको छ, कोही अझै खटीरहनु भएको छ र कोही सुस्त अवस्थामा रहनुभएको छ यस क्षणमा म उहाँहरुप्रति स्मरण र सम्मान गर्न चाहान्छु । विगत र वर्तमानका कार्यसमितिहरुका पदाधिकारी सदस्यज्यूहरु, उपसमितिहरु, सरकारी, सहकारी संघ संस्था तथा कार्यालयहरु, हाम्रो सेवाका हकवालाहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण प्रति आभार एवं कृतज्ञता प्रकट गर्दछु।

**अध्यक्ष महोदय आदरणीय सभासद् ज्यूहरु,**

सिवाईसीको संस्थागत विकास र आत्मनिर्भरताका लागि हामीलाई सुम्पिएको दायित्व र जिम्मेवारी अनुरुपका कार्यहरु सम्पन्न गरीरहँदा आज हामी २६ औं वार्षिक साधारण सभाको संघारमा उभिएका छौं । यस अवधिमा हामीले संस्थालाई रुपान्तरणको अर्को चरणमा पुऱ्याउन सफल भएका छौं। सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. वागलुङको स्थापना र सञ्चालन, संस्थाद्वार सञ्चालित लघुवित्त कार्यक्रम "घ" वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्थाको रुपमा रुपान्तरणको तयारीमा रहेको छ। संस्था सञ्चालन र दिगोपनाका लागि सदरमुकाममा आफ्नो भूमि र विभिन्न कोषहरुको स्थापना गरी संस्थालाई संस्थागत र आत्मनिर्भर बनाउदै लगिनु र हकवालाहरुको हक अधिकार र सुविधालाई ध्यान दिई समुदायमा सिवाईसी कार्यक्रम, सामाजिक सुरक्षाका कार्यक्रमवाट पुऱ्याईएको योगदान यसका केही उदाहरणहरु हुन् । संस्थाको विस्तार र वृद्धि संगै सरोकारवालाहरुको हामी प्रतिको आशा, विश्वास र चाहाना पनि वढिरहेको आभास हामीलाई भएको छ। हाम्रा हकवालाहरु अहिले सिवाईसी मार्फत नै सवै प्रकारका सेवा सुविधा लिन लालयीत भईरहेका छन् । त्यसैले अव सिवाईसीले आफ्ना सेवाहरुलाई पनि वृहत्तर र समिचीन वनाउनुपर्ने

देखीन्छ र सोही अनुसार कार्यप्रकृया अगाडि वढाईरहेको पनि छ। तालिम, समुदायमा सिवाईसी, समयदान तथा समय व्यवस्थापन लगाएतका कार्यहरु मार्फत पछि परे पारिएका वर्गहरुको सशक्तीकरणमा हाम्रो ध्यान केन्द्रित गरी अगाडि बढ्ने संस्थागत रणनीति लिएको छ।

**अध्यक्ष महोदय,**

नेपालमा लघुवित्त कार्यक्रमले गरीवी घटाउन ठुलो मद्धत गरिरहेको छ। मुलुकका दुरदराजका क्षेत्रमा लघुवित्त कार्यक्रम निकै प्रभावकारी रहेको पाईन्छ। वि.स २०६० मा ३१ प्रतिशत जनसंख्या गरिवीको रेखामुनी थियो। त्यसयता विस्तार भईरहेको लघुवित्त कार्यक्रमको मुख्य प्रभावले वि.स २०७४ सम्म आईपुग्दा गरिवीको रेखामुनी रहेको जनसंख्या भ्fण्डै १० प्रतिशतले घटेको पाईन्छ। यसरी हेर्दा लघुवित्त कार्यक्रम गरिवी कम गर्ने औजारको रुपमा सावित भईरहेको छ। ग्रामिण क्षेत्रमा स-सानो रकम उत्पादनमुलक क्षेत्रमा परिचालन गरी सदस्यलाई आर्थिक क्रियाकलापमा समाहीत गरी उनीहरुको आर्थिक विकास गर्नु नै लघुवित्त कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। खास गरेर बैङ्कीङ पहुँच नहुने ग्रामिण क्षेत्रका लागि वित्तीय सेवा प्रदान गर्ने साथै त्यस क्षेत्रमा रहेका साहु महाजनको चर्को व्याजलाई निरुत्साहीत गरी विना धितो सानो सानो रकम समुहमा लगानी गर्नु नै लघुवित्तको विशेषता हो। सिवाईसीले लघुवित्त कार्यक्रम मार्फत ऋण दिने र लिने कार्य मात्र नगरी सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतीक क्षेत्रसम्म योगदान पुऱ्याएको छ। सिवाईसीले धनी र गरिवहरु विचको खाडललाई अन्त्य गर्ने प्रयास गरिरहेको छ। विशेष गरी महिलाहरुलाई स्वावलम्वन गराउदै आत्मनिर्भर गराउने प्रयास गरेको छ। गाउँ गाउँमा गएर पछाडि पारे पारिएका गरिव, विपन्न, दलीत तथा समाजले नपत्याएका केही गर्छु भन्ने आँट भएका तर पुजीको अभाव भएका ईमान्दार महिला दिदीवहिनीहरुका लागि भरोसा वनिरहेको छ।

यहि तथ्यलाई मध्येनजर गर्दै सिवाईसी नेपालले पनि २०५८ साल देखि लघुवित्त कार्यक्रमलाई संस्थाको मुल प्रवाहमा राखी आफ्नो कार्यप्रकृया अगाडि वढाईरहेको छ। आफ्ना सदस्य तथा हकवालाहरुलाई राज्यद्वारा विनियोजित वजेटमा पहुँच पुऱ्याउन केन्द्र संजाल मार्फत सचेतना फैलाउने काम गर्ने यो संस्थाले RIGHT, VOICE, CHOICE जस्ता मूख्य मर्महरुलाई आत्मसात गराई उनिहरुलाई सचेत गराईरहेछ। समयदान, समय व्यवस्थापन, पुरुष लघुवित्त केन्द्रको स्थापना, लघुवित्त प्रवक्ता, लघुवित्त सचेतना केन्द्र, लघुवित्त संजाल सिवाईसी नेपालका नौला र नविनतम् अभ्यासहरु हुन्। पृथ्वीको धरोहर बातावरण बचाई जैविक विविधता कायम राख्न चौतारी, पोखरी, वाटोघाटो निर्माण सरसफाई, अर्गानीक खेती तथा स्थानीय स्तरमा कृषि प्राविधिक र प्रविधि प्रवर्द्धन, वालवालीका युवा तथा महिला सचेतना तथा शशक्तिकरण कार्यक्रम, समुदायमा सिवाईसी कार्यक्रम मार्फत स्थानीय स्तरमा आकस्मीक कोषको स्थापना, स्टेचर वितरण निःशुल्क स्वास्थ्य परीक्षण लगाएतका कार्यहरुलाई केन्द्रमा राख्दै आईरहेको छ। सामाजिक पुँजी निर्माण तर्फको यसको यात्रा निरन्तर र अविचलीत छ। आज लघुवित्त केन्द्रका महिला तथा पुरुषहरु विकास निर्माणमा सक्रिय सहभागी छन्। यसवाट समाजमा सकरात्मक प्रतिफलहरु देखिन थालेका छन्।

**अध्यक्ष महोदय, आदरणीय सभासद्ज्यूहरु**

अब म यस संस्थाले आ.व. ०७३।०७४ मा सम्पन्न गरेका कार्यहरुको प्रगति र हाँसील उपलव्धीहरुलाई निम्नानुसार क्रमिक रुपमा संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु।

## १. सांगठानिक स्वरुप :-

CYC नेपाल वर्तमानमा १ संरक्षक सहित १० सदस्यीय प्रतिनिधिमूलक कार्यसमिति र ३ सदस्यीय सल्लाहाकारको संरचनामा सञ्चालित छ। विभिन्न पदमा पूर्णकालीन र अल्पकालीन गरी ११६ जना कर्मचारीहरु, १ वटा मुख्य

कार्यालय ६ वटा शाखा कार्यालय र ८ वटा विषयगत उपसमिति मार्फत यस संस्थाका कार्यक्रमलाई छिटो छरितो र विकेन्द्रित रुपमा संचालन गरिएको छ।

## २. सदस्यता :-

संस्थामा आजिवन विशिष्ट र सहयोगि सदस्यहरु रहेका छन् । सदस्यता खुल्ला राखीएको छ। सदस्यता हालसम्म नेपालका ३० भन्दा वढि जिल्लामा पुगेको छ।

## ३. कार्यसंचालन प्रकृया :-

संस्थाका हकवालाहरुलाई स्थानीय स्तरबाटै संगठित संयन्त्रमा आवद्ध गराउने अभिप्रायले प्रत्येक टोल टोलमा समूह, केन्द्र, गा.वि.स स्तरमा महिला र युवा विकास सञ्जाल, सहकारी र कृषि विकास समिति, अगुवा कृषक, स्थानीय संवाददाता प्रवक्ता तथा शाखा स्तरमा शाखा स्तरीय संजाल, जिल्ला स्तरमा जिल्ला संजाल हुँदै मुख्य कार्यालयसम्मको सम्पर्क समन्वय र सहकार्यलाई प्रभावकारी वनाईएको छ। संस्थाका कार्यक्रमहरु यिनै समूह, केन्द्र समिति, संजाल र सहकारी मार्फत संचालन गरिएको छ।

## ४. संस्थागत आवद्धता :-

यो संस्था जिल्ला प्रशासन कार्यालय बागलुङमा मिति ०४९/०६/२६ दर्ता नं ५४, समाज कल्याण परिषद् काठमाण्डौ आवद्धता नं ११६९, नेपाल राष्ट्र बैंक दर्ता नं ५, लघुवित्त संघ नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल दर्ता नं २०, शान्तिका लागि साझा अभियान (COCAP) काठमाण्डौ र सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपाल, स्वावलम्वन विकास केन्द्र CSD काठ्माण्डौ लगायतका राष्ट्रिय स्तरका संस्था तथा निकायहरुमा दर्ता तथा आवद्ध भै आफ्नो संस्थागत आधारहरुलाई सवल रुपमा प्रस्तुत गरिरहेको छ।

## ५. प्रशासनिक स्वरुपः-

CYC नेपालमा हाल विकास तथा परियोजना र लघुवित्त विभागमा गरी कूल ११६ जना पूर्णकालीन कर्मचारीहरु रहेका छन्। संस्थाको दैनिक प्रशासनिक कार्यको लागि व्यवस्थापक मार्फत कार्य सञ्चालन भैरहेको छ। निर्माण तहमा वार्षिक साधारण सभा कार्यान्वयन तहमा कार्यसमिति तथा उपसमितिहरु रहेका छन्।

## ६. संस्थाको सर्वोच्चता र कार्य समितिः-

संस्थाको साधारण सभा सर्वोच्च निकायको रुपमा रहेको छ। हरेक ५/५ वर्षमा संचालन हुने अधिवेसनबाट प्रतिनिधिलमूलक रुपले निर्वाचित हुने ११ जना कार्यसमितिबाट संस्थाको कार्यसम्पादन हुदै आईरहेको छ भने संस्थालाई विभिन्न विषयगत क्षेत्रमा अगाडि बढाउन संस्थाका सदस्यहरुको विशेषज्ञताको आधारमा सल्लाहाकारहरुको मनोनयन र विषयगत उपसमितिहरुको गठन भएको छ। यस अवधिमा कार्य समितिको बैठक ११ पटक बसी विभिन्न रचनात्मक निर्णयहरु गरी कार्यान्वयनमा ल्याईएको छ। बैठकमा कार्यसमितिको उपस्थित विवरण यस प्रकार रहेको छ।

| क्र.स | नामथर | पद | जम्मा बैठक संख्या | उपस्थिती संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | पद्मनाथ शर्मा पौडेल | संरक्षक | ११ | ५ | |
| २. | चण्डिप्रसाद शर्मा पौडेल | अध्यक्ष | ११ | ११ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | लक्ष्मण खड्का | उपाध्यक्ष | ११ | ७ | |
| ४. | विर वहादुर किसान | सचिव | ११ | ९ | |
| ५. | गण्डकी अधिकारी | सह-सचिव | ११ | १० | |
| ६. | बीमला गुरुङ | कोषाध्यक्ष | ११ | ११ | |
| ७. | गोपाल कुमार शर्मा | सदस्य | ११ | ४ | |
| ८. | सीता शर्मा | सदस्य | ११ | ११ | |
| ९. | ओमप्रकाश पौडेल | सदस्य | ११ | ७ | |
| १०. | किरण थापा | सदस्य | ११ | ८ | |
| ११. | रेशमवहादुर के.सी | सदस्य | ११ | ५ | |
| १२. | देववहादुर श्रेष्ठ | सल्लाहाकार | ११ | ८ | |
| १३. | जगन्नाथ आचार्य | सल्लाहाकार | ११ | ३ | |
| १४. | ईन्द्रराज पौडेल | सल्लाहाकार | ११ | ३ | |

## ७. संस्थागत र नीतिगत आधारहरु :-

संस्था नेताले होईन नीतिले चल्नु पर्दछ भन्ने CYC नेपालको मान्यता रहेको छ। हाम्रो सेवाका हकवालाहरुलाई आत्मनिर्भरताको बाटोमा हिंडाउनु पर्छ भन्ने हाम्रो अवधारणा हो। यही कुरालाई मध्येनजर राखी सिवाईसी नेपालले आफूलाई संस्थागत बनाउदै लगेको छ। हालसम्म निम्नानुसारका नीति नियम र निर्देशिकाहरु निर्माण गरी सोही नीति नियम र निर्देशिकाको आधारमा संस्था संचालित छ।

१. संस्थाको विधान-२०४९
२. कर्मचारी प्रशासन नियमावली-२०५५
३. सभा सञ्चालन कार्यविधि-२०५६
४. लघुवित्त कार्यक्रम कार्यान्वयन निर्देशिका-२०५८
५. आर्थिक प्रशासन नियमावली-२०६०
६. जीवन आवस तथा सामाजिक सुरक्षा कोष कार्यान्वयन निर्देशिका-२०६०
७. सहुम प्रवेश पूर्व तालिम निर्देशिका-२०६२
८. ईलाका, शाखा, उपशाखा र सम्पर्क कार्यालय स्थापना र सञ्चालन सम्वन्धी निर्देशिका-२०६३
९. पूर्व सेवाकालीन प्रशिक्षण निर्देशिका-२०६३
१०. केन्द्र मुल्याङ्कन निर्देशिका-२०६३
११. आन्तरीक लेखा परीक्षण तथा सुपरीवेक्षण निर्देशिका-२०६४
१२. निर्वाचन निर्देशिका-२०६६
१३. सद्भाव कोष कार्यान्वयन निर्देशिका-२०६६
१४. लघुवित्त विकास कोष सञ्चालन तथा कार्यान्वयन निर्देशिका- २०६८
१५. सिवाईसी पेन्सन बचत कार्यान्वयन निर्देशिका-२०६८
१६. अक्षयकोष स्थापना तथा व्यवस्थापन निर्देशिका-२०६८

१७. संस्था विकास कोष संकलन तथा व्यवस्थापन निर्देशिका-२०६८
१८. लघुउद्यम व्यवसाय विकास ऋण कार्यान्वयन निर्देशिका-२०६९
१९. शाखा मूल्याङ्कन निर्देशिका-२०६९
२०. कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२
२१. कर्मचारी संचय कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२
२२. कर्मचारी सहुलीयत ऋण निर्देशिका-२०७२
२३. हकवाला हेरचाह निर्देशिका-२०७२
२४. सोधपुछ र टेलीफोन सञ्चालन निर्देशिका-२०७२
२५. पोशाक र परिचय-पत्र व्यवस्थापन निर्देशिका-२०७२
२६. गल्ती व्यवस्थापन निर्देशिका-२०७२
२७. जोखीम व्यवस्थापन निर्देशिका-२०७२
२८. निर्वाचन नियमावली-२०५६
२९. समयदान तथा समय व्यवस्थापन नीति-२०६८
३०. कर्जा अपलेखन निर्देशिका २०७३
३१. स्वयंसेवी र कर्मचारीहरुको सेवा सुविधा सम्वन्धि निर्देशिका- २०७४

## ८. सूचना प्रकाशन र प्रसारणः-

संस्था दिन प्रतीदिन विशाल बन्दै गईरहेको सन्दर्भमा सुचनालाई अध्यावधिक गर्ने कार्यमा नयाँ नयाँ प्रविधिहरुले महत्वपूर्ण भूमीका खेल्दै आईरहेका छन् यी नयाँ नयाँ प्रविधिको प्रयोग गरी संस्थाले आफुले गरेका कार्यहरुलाई प्रचार प्रसार, प्रकाशन र प्रसारण गरिरहेको छ । संस्था जीवन्तता, गतिशीलता र परिकल्पना अनुसारको लक्ष्यमा गुणात्मक फड्को मार्नका लागि निश्चित रुपमा सूचना प्रविधि, प्रकाशन, प्रसारण र सम्प्रेषणमा भर पर्दछ यस वस्तु तथ्यलाई आत्मसात् गर्दै सिवाईसी नेपालले सूचना र प्रकाशनको छुट्टै विभाग स्थापना गरी क्रियाशील बनाएको छ। संस्थाले गरिरहेका कार्यहरुलाई आफ्नो फेसबुक पेज तथा रेडीयो टेलीभिजन, पत्र पत्रीका तथा अनलाईन पत्रीकाको माध्यमवाट प्रचार प्रसारको कार्य गरिरहेको छ। संस्थाले वार्षिक रुपमा **ग्रामीण कन्दरा** नामक मुखपत्र प्रकाशित गर्दै आईरहेको छ । यसलाई त्रैमासिक रुपमा प्रकाशन गरी सफलताका कथाहरु खोजमूलक प्रकाशन, कृषिसंग सम्बन्धित पुस्तिकाहरु र विभिन्न विषयका समसामयिक पोष्टर, भित्ते पात्रो, पम्पलेट, फल्याक्स प्रकाशन भईरहेका छन् ।

## ९. तालिम तथा शिक्षा

संस्थाका हकवालाहरुलाई क्षमता विकास र सिप विकासका लागि मौसमी वेमौसमी तरकारी खेती गोठे/कम्पोष्ठमल व्यवस्थापन, प्लाष्टिक घरमा तरकारी खेती, कृषक हक अधिकारका लागि कृषि सम्मेलन, अनुभवी अगुवा कृषक छनोट र तालिम, कृषि विकास समिति गठनमा सहजीकरण, सिलाई कटाई, व्युटी पार्लर, विद्युत जडान, च्याउँखेती, अगरवत्ति निर्माण, मुढा वुनाई, स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रण सम्वन्धि कार्यशाला, उद्यमशिलता विकास, सहकारी शिक्षा, पशुपालन जस्ता विविध सिपहरु प्रदान गरिएको छ । कर्मचारीहरुका लागि १५ दिने र ७ दिने पुर्वसेवाकालीन तालिम, प्रभावकारी उद्घोषण तथा समाचारलेखन तालिम लघुवित्त व्यवस्थापन तालिम, सकरात्मक अध्ययन शैली तथा नेतृत्व विकास तालिम, संस्था कार्यसमिति तथा कर्मचारीविच अन्तरक्रिया कार्यक्रम, सकरात्मक सोच विकासका लागी अन्तरक्रिया, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, हकवालाहरुका लागी निशुल्क स्वास्थ्य, शिविर संचालन, लघुवित्त कार्यक्रम अन्तर्गत

शाखास्तरिय योजना तर्जुमा गोष्ठि, लगायतका आवश्यक तालिम तथा गोष्ठीहरुको संचालन गरिएको छ । यस अवधिमा संस्थाद्वारा सञ्चालीत तालिम कार्यक्रम तथा संस्थाको प्रतिनिधित्व गरेर अन्य संघ संस्थाले आयोजना गरेका तालिम कार्यक्रममा भएको सहभागिताको विवरण ।

**संस्थाद्धारा सञ्चालीत तालिम कार्यक्रमहरु**

| क्र.स | तालिमको नाम | संख्या | | तालिम स्थल | मिति |
|---|---|---|---|---|---|
| | | तालिम | सहभागि | | |
| १ | १६ औं लघुवित्त सदस्य सम्मेलन | १ | ३७४ | वागलुङ बजार | २०७३/०८/२७ |
| २ | सांसदसंग जनता कार्यक्रम | १ | १६२ | वागलुङ बजार | २०७३/०८/२७ |
| ४ | संस्था कार्यसमिति तथा कर्मचारीविच अन्तरक्रिया | १ | १६५ | वागलुङ बजार | २०७३/०८/२८ |
| ५ | १६ दिने लैंगिक हिंसा विरुद्वको अभियान | १ | ३११ | वागलुङ बजार | २०७३/०८/२२ |
| ६ | कार्यसमिति तथा कर्मचारीहरुविच पुर्नमिलन कार्यक्रम | १ | १८० | वागलुङ बजार | २०७३/०८/२९ |
| ७ | नयाँ कर्मचारीहरुका लागी सेवाकालिन तालिम | १ | २६ | वागलुङ बजार | २०७३/१०/२३ |
| ८ | प्रभावकारी उद्घोषण तथा समाचारलेखन तालिम | १ | ३४ | वागलुङ बजार | २०७३/१२/०१ |
| ९ | निशुल्क स्वास्थ्य शिविर कार्यक्रम | ३ | ४०७ | बा.न.पा.९,१०,र काठेखोला गा.पा | २०७३/०८/१२,१६,१९ |
| १० | शाखास्तरिय योजना तर्जुमा गोष्ठि | १ | १०२ | वागलुङ बजार | २०७४/०१/०९ |

## १०. अध्ययन अवलोकन भ्रमण

संस्थाद्वारा संचालित लघुवित्त कार्यक्रमलाई थप सुदृढ, प्रभावकारी र उत्कृष्ठ रुपमा संञ्चालनका लागि विदेशका अनुभव र प्रयोगहरुको जानकारी लिनका लागि संस्थाका अध्यक्ष श्री चण्डिप्रसाद शर्मा पौडेलज्यू कम्वोडिया तथा भियतनाममा सञ्चालीत 2017 Asia-pacific financial inclusion summit मा सहभागि हुनुभएको थियो । भने संस्थाका कोषाध्यक्ष श्री विमला गुरुङ वाली ईण्डोनेसियामा रहेका लघुवित्तीय संस्थाहरुको अध्ययन अवलोकन भ्रमणमा सहभागि हुनुभएको थियो ।

## ११. स्वाबलम्वन तथा आत्मनिर्भरता लागि चालिएका प्रयासहरु

संस्था दिगो र जिवन्त हुन आत्मनिर्भर र स्वावलम्वी वन्नु पर्दछ परमुखापेक्षीपन र दातामुखी धारणा चिन्तन वन्न सक्दैनन् यही कुरालाई आत्मसात गर्दै सिवाईसीले आफुलाई निम्न योजना र कार्यक्रमका साथ स्वावलम्वी वनाउदै लगिरहेको छ ।

- **जग्गा खरीद तथा भवन निर्माण कोष**

  CYC कार्यसमिति, कर्मचारीहरुको पहलमा शुरु गरिएको यो कार्यक्रमलाई विस्तार गरी यस कोषवाट संस्थाको नाममा वागलुङ नगरपालिका वडा नं ३ मा ०-६-२-४ क्षेत्रफलको जग्गा रु. ११०००००० मा खरीद गरीएको छ । संस्थाको भवन निर्माणका लागि हकवाला, संस्था कार्यसमिति, कर्मचारी, समाजसेवी, सरकारी, सहकारी, गैरसरकारी, संघ संस्थाहरुसंग सहयोग र समन्वयको लागि पहल भै रहेको छ ।

- **अक्षयकोषः**

  विदेशीहरुले आफ्नो खानाको पैसा कटाएर विकासे अभियान संचालन गरेको तथ्यलाई आत्मसाथ गरी सधै परनिर्भरताको आरोप लाग्ने गरेका गै.स.स. हरुलाई सवक सिकाउने अभिप्रायले पुराना पत्रपत्रिकाको संकलन गरी विक्री गर्ने, मुष्टिदान, मासिक अनुदान, सदस्यता शुल्क तालिम शुल्क आदिबाट जम्मा गरिएको यो कोषमा रु. ६९९०४३८१ पुर्‍याईएको छ ।

- **लघुवित्त विकास कोषः**

  हजारौ गरीव तथा विपन्न महिलाहरुको आशाको रुपमा रहेको लघुवित्त कार्यक्रमको संस्थागत विकासका लागि संचालन बचतको केही प्रतिशत, कार्य समितिबाट उपलब्ध मुष्ठिदान र सचिवालय सेवावाट प्राप्त रकमबाट यो कोषको स्थापना गरिएको छ। यसवाट सरोकारवालाहरुको सिप विकास र क्षमता विकासका कार्यहरु संचालन भै रहेका छन्।

- **संस्थागत विकासकोष**

  संथालाई दिगो र आत्मनिर्भर रुपमा सञ्चालन गर्नका लागि संस्थागत विकास कोषको स्थापना गरिएको हो। यसवाट संस्था परनिर्भरवाट मुक्त हुने अपेक्षा राखिएको छ।

- **CYC पेन्सन वचत कोषः**

  गरीबीको रेखामुनि रहेका महिला दिदी बहिनी तथा दाजुभाईहरुको बुढेसकाल सुखद रहोस् भन्ने अभिप्रायले स्थापित पेन्सन बचत व्यवस्था कोषमा हालसम्म रु. १६७५८८०४६ संकलन भएको छ।

- **कर्जा सुरक्षण कोष :**

  CYC लघुवित्त कार्यक्रमका ग्राहक सदस्यहरुको मृत्यु भएको अवस्थामा उनीहरुको नाममा रहेको तोकिए बमोजिमको ऋण मिनाहा र खराव कर्जा अपलेखन गर्नका लागि कर्जा सुरक्षण तथा अपलेखन कोषको स्थापना गरिएको छ।

- **जिवन तथा आवास सुरक्षा योजना कोष**

  लघुवित्त कार्यक्रममा संलग्न सदस्य वा निजको श्रीमानूको जीवन सुरक्षा, सदस्य आफु वसेको घरमा कुनै दैवी विपत्ति आई सो घर क्षती वा नष्ट भएमा उपलव्ध गराईने राहात, सदस्यहरु सुत्केरी हुँदा उनीहरुलाई भेटघाट, स्वास्थ्य परीक्षण सुत्केरी भएको ४५ दिन सम्म कडा प्रकृतिको काम नगर्न उचित वातावरण सृजना गर्ने अभिप्रायले सदस्यको घरमा पुगी सुत्केरी वापत उपलव्ध गराईने राहात र संस्थाको लघुवित्त कार्यक्रममा संलग्न सदस्यका छोराछोरीहरुले सरकारी विद्यालयवाट SEE परीक्षामा विशिष्ठ श्रेणीमा उत्तीर्ण भएमा शैक्षिक सुविधा वापत रकम उपलव्ध गराउनका लागि स्थापित यस कोषमा हाल सम्म रु. २४२६७५० संकलन भएको छ।

- **सद्भाव कोष**

  चारतारे युवा क्लव CYC नेपालको वर्तमान कार्यसमितका पदाधिकारी, पुर्व कार्यसमितिका पदाधिकारी सदस्यहरु र संस्थाका सदस्यहरुलाई असजिलो परेको अवस्थामा उनिहरुलाई सहयोग पुर्‍याउने अभिप्रायले स्थापीत यस कोषमा हाल सम्म रु ७१७२८०० संकलन भएको छ।

अन्तमा यस संस्थाको उन्नति प्रगतिमा सहयोग गर्ने सम्पूर्ण साझेदार शुभेच्छुक, शुभचिन्तकहरु, सरकारी गैर सरकारी, सहकारी, संघ संस्था तथा महानुभावहरुप्रति आभार एवं कृतज्ञता ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको माया ममता, शुभेच्छा र रचनात्मक सुझाव तथा सहयोग पाइनै रहने अपेक्षा गर्दै यो प्रतिवेदन छलफल र स्वीकृतिका लागि यहाँहरु माझ छोड्दै विदा हुने अनुमति चाहन्छु।

मितिः-०७४।०९।२९

(विमला गुरुङ)
कोषाध्यक्ष

**धन्यवाद**
**जय सिवाईसी**

**S. ACHARYA & ASSOCIATES**
**Chartered Accountants**
PAN No: **103766562**

Mitrapark, Chabahil
Kathmandu, Nepal
Tel: +977-9851198461
E-mail: sacharyaassociates@gmail.com

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**
**श्री चारतारे युवा क्लब नेपाल का**
**सदस्य महानुभावहरु**

हामीले **श्री चारतारे युवा क्लब, नेपालको** को **२०७४ आषाढ** मसान्तको वासलात र उक्त मितिमा समाप्त भएको आर्थिक वर्षको संलग्न आम्दानी खर्च हिसाब तथा नगद प्रवाह विवरण लेखापरीक्षण गरेका छौं ।

**व्यवस्थापनको दायित्व**

लेखा, आन्तरिक नियन्त्रण तथा वित्तिय विवरण सम्वन्धि प्रणाली तथा ढांचाको विकास तथा कार्यान्वयन संस्थाको व्यवस्थापनको दायित्व हो । संस्थाको व्यवस्थापनको दायित्व अन्तर्गत वित्तिय विवरण गलत आंकडा, जालसाजी र सारभूत रुपमा त्रुटि रहित छ भनी वित्तिय विवरण तयारी र प्रस्तूतीकरण गर्ने सम्बन्धी आन्तरिक नियंत्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिको छनौट तथा कार्यान्वयन, एवं लेखा सम्बन्धी महत्वपुर्ण अनुमान पर्दछन् ।

**लेखापरीक्षकको दायित्व**

हाम्रो कार्य संस्थाले राखी देखाएको श्रेस्ता एवं कागजातहरु माथि नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण गरि प्रस्तुत वित्तिय विवरण उपर विचार व्यक्त गर्नु रहेको छ। उपरोत्तानुसार मन्तव्य दिन हामीले उपरोक्त वित्तिय विवरणहरु नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण गरेका छौं । वित्तीय विवरणहरु सारभुतरुपमा गलत आßकडा रहित छन् भन्ने कुरामा विस्वस्त हुनका लागि यी मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण लेखा अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याय्न पनि लेखा परीक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो रायलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**लेखा मान्यता र नीति**

संस्थाको लेखा नीति तथा मान्यताको प्रावधानहरुको पालना नगरिएका कुराहरु वारे वित्तिय विवरण संग संलग्न अनुसूची २० मा समावेश गरिएको छ।

**लेखापरीक्षण मन्तव्य**

हाम्रो रायमा र हामीले जाने बुझे सम्म तथा हामीलाई उपलव्ध गराइएको सूचनाको आधारमा संलग्न वासलातले माथि लेखा मान्यता र नीति खण्डमा उल्लेख भएको व्यहोराहरुले असर पर्ने वाहेक संस्थाको २०७४ आषाढ मसान्तको यथार्थ आर्थिक अवस्थाको एवं संलग्न आम्दानी खर्च हिसाब तथा नगद प्रवाह विवरणले सोही मितिमा समाप्त भएको आर्थिक वर्षको क्रमशः संचालन नतीजा तथा नगद प्रवाहको प्रचलित कानूनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार समुचित चित्रण गर्दछ।

**प्रचलित कानूनमा उल्लेखित प्रावधानहरु बमोजिमको प्रतिवेदन**

लेखापरीक्षणकोलागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो । हाम्रो रायमा पेश भएको वासलात, आम्दानी खर्च हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु प्रचलित कानूनले तोकेको ढांचामा र तरीका अनुरुप तयार भएको छ र उक्त वित्तिय विवरण्हरु संस्थाले राखेको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेको छ। संस्थाको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखा प्रचलित कानून बमोजिम राखिएको छ। साथै संस्थाको जोखिम ब्यहोर्ने कोष पर्याप्त मात्रामा रहेको छ। संस्थाले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन विपरीत कार्य गरेको हाम्रो जानकारीमा आएको छैन । संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणको लागि पर्याप्त रहेको छ।

स्थानः बाग्लुङ
मितिः २०७४।०५।११

सिए. सागर आचार्य
प्रोपाइटर
नि. एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

# चारतारे युवा क्लब, नेपाल

**वासलात**

**२०७४ आषाढ मसान्तको**

| कोष तथा दायित्व | अनुसुची | यस वर्ष संस्थागत (रु) | यस वर्ष लघुवित्त (रु) | यस वर्ष जम्मा (रु) | गत वर्ष जम्मा (रु) |
|---|---|---|---|---|---|
| जगेडा तथा कोष | १ | १३२,१२२,७७३ | २६९,२२८,४४७ | ४०१,३५१,२२० | २८१,५६०,४७३ |
| तिर्नु पर्ने ऋण सापटी | २ | - | १८९,०७७,९०७ | १८९,०७७,९०७ | १८५,३१०,०१९ |
| निक्षेप दायित्व | ३ | - | ४६६,८७४,५३२ | ४६६,८७४,५३२ | ३४८,१६३,९०२ |
| भुक्तानी गर्नु पर्ने दायित्वहरु | ४ | १,०४७,६८९ | ११३,५७१,७५० | ११४,६१९,४३९ | ८७,७१८,५३६ |
| कर्जा नोक्सानी व्यवस्था | ५ | - | ५८,५५१,८४३ | ५८,५५१,८४३ | ४१,६९०,६०३ |
| अन्य सम्पतिका लागि व्यवस्था | १७ | - | ८,३६०,८९२ | ८,३६०,८९२ | - |
| **जम्मा कोष तथा दायित्व** | | **१३३,१७०,४६२** | **१,१०५,६६५,३७०** | **१,२३८,८३५,८३२** | **९४४,४४३,५३२** |
| | | | | | |
| **सम्पत्ति** | **अनुसुची** | | | | |
| नगद मौज्दात | ६ | - | २,०८२,५३२ | २,०८२,५३२ | ३०५,९८५ |
| बैंक मौज्दात | ७ | २२,३६६,६२२ | १२४,१३०,५८७ | १४६,४९७,२०९ | ६८,९१८,८७७ |
| दीर्घकालीन लगानी | ८ | ६४८,८०० | - | ६४८,८०० | ६२८,८०० |
| कर्जा तथा सापट | ५ | - | ९६५,३८४,४७९ | ९६५,३८४,४७९ | ७८६,६४०,९६२ |
| स्थिर सम्पत्ति | ९ | १०,११२,६२९ | ४,४५५,२५० | १४,५६७,८८० | १४,६४८,४४४ |
| अन्य सम्पत्ति | १० | १००,०४२,४११ | ९,६१२,५२२ | १०९,६५४,९३३ | ७३,३००,४६५ |
| **जम्मा सम्पत्ति** | | **१३३,१७०,४६२** | **१,१०५,६६५,३७०** | **१,२३८,८३५,८३२** | **९४४,४४३,५३२** |

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसुची ११ |
| लेखासम्वन्धि नीति तथा टिप्पणीहरु | अनुसुची २० |

अनुसूची १ देखी अनुसूची २० सम्म लेखाका अभि ... गको मितिको संलग्न प्रति

संगिता शर्मा पौडेल
प्रवन्धक

चण्डिप्रसाद शर्मा पौडेल
अध्यक्ष

सि.ए. सागर आचार्य
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

विमला गुरुङ
कोषाध्यक्ष

मितिः २०७४ भाद्र ११
स्थानः बाग्लूङ

बीरवहादुर किसान
सचिव

लक्ष्मण खड्का
उपाध्यक्ष

# चारतारे युवा क्लब, नेपाल

आ.व. २०७३।७४ को आम्दानी खर्च विवरण

| खर्च | | | | आम्दानी | | | |
|---|---|---|---|---|---|---|---|
| गत वर्ष जम्मा ( रु) | विवरण | अनुसुची | यस वर्ष जम्मा ( रु) | गत वर्ष जम्मा ( रु) | विवरण | अनुसुची | यस वर्ष जम्मा ( रु) |
| ४१,१०७,१०७ | ब्याज खर्च | १३ | ५७,३१८,७१० | १२०,५३४,१७७ | ब्याज आम्दानी | १२ | १५८,७२९,०६६ |
| २२,८१२,६०६ | कर्मचारी खर्च | १५ | ३०,४९८,०३६ | २८,५७४,३९३ | अन्य आम्दानी | १४ | २६,८०५,५३७ |
| १३,७४२,३२३ | अन्य प्रशासनिक खर्च | १६ | १४,३०६,४५८ | | | | |
| १२,५६१,१५६ | सम्भावित नोक्सानी व्यवस्था | १७ | २६,२१५,५३७ | | | | |
| ३९,४५१,०३५ | विभिन्न कोषमा स्थानान्तरण | | ३८,३२१,२२७ | | | | |
| **१९,४३४,३४२** | **लघुवित्तबाट नाफा** | | **१८,८७४,६३४** | | | | |
| **१४९,१०८,५७०** | **जम्मा** | | **१८५,५३४,६०३** | **१४९,१०८,५७०** | | | **१८५,५३४,६०३** |
| **अन्य संचालन आम्दानी तथा खर्च** | | | | | | | |
| ३६,७१० | कार्यक्रम संचालन खर्च | १८ | ३३७,६२४ | २,३३८,००० | दातृत्व संस्था अनुदान | १८ | २,५६२,६५० |
| ४,२१३ | कार्यक्रम संचालन सपोर्ट खर्च | १८ | १०५,६६४ | १,७०३,३९९ | ब्याज आम्दानी | १२ | १,५५६,६९० |
| - | ब्याज खर्च | १३ | - | ७०७,१२१ | गैर संचालन आम्दानी | १४ | ५५९,७४६ |
| २,२८६,६४१ | कर्मचारी खर्च | १५ | २,७०३,५६५ | **१९,४३४,३४२** | **लघुवित्तबाट नाफा** | | **१८,८७४,६३४** |
| १३२,३६३ | अन्य प्रशासनिक खर्च | १६ | १४३,४३८ | | | | |
| - | खर्च नभएको कोष फिर्ता/स्थानान्तरणन | | - | | | | |
| - | अघिल्लो वर्षको खर्चहरु | | - | | | | |
| - | असाधारण आम्दानी खर्च | | - | | | | |
| **२१,७२२,९३५** | सम्पूर्ण गतिविधिबाट नाफा नोक्सान | | **२०,२६३,४३०** | | | | |
| **२४,१८२,८६२** | **जम्मा** | | **२३,५५३,७२०** | **२४,१८२,८६२** | | | **२३,५५३,७२०** |

अनुसूची १ देखी अनुसूची २० सम्म लेखाका अभिन्न अंकहरु हुन

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

संगिता शर्मा पौडेल
प्रबन्धक

चण्डिप्रसाद शर्मा पौडेल
अध्यक्ष

चारतारे युवा क्लब CYC नेपाल-२०४५

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

सि.ए. सागर आचार्य
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

विमला गुरुङ
कोषाध्यक्ष

मिति: २०७४ भाद्र ११
स्थान: बाग्लूङ

बीरवहादुर किसान
सचिव

लक्ष्मण खड्का
उपाध्यक्ष

# चारतारे युवा क्लब, नेपाल

नाफा नोक्सान बांडफांड हिसाब

आ.व. २०७३/०७४

| | विवरण | अनुसुची | यस वर्ष संस्थागत (रु) | यस वर्ष लघुवित्त (रु) | यस वर्ष जम्मा (रु) | गत वर्ष जम्मा (रु) |
|---|---|---|---|---|---|---|
| | **आम्दानी** | | | | | |
| १ | गत वर्ष सम्मको संचित नाफा | | २,०१२,७८६.९२ | ६४,७३५,१७४.२६ | ६६,७४७,९६१.१८ | ४६,७८७,३८४.२६ |
| २ | यस वर्षको नाफा/नोक्सान | | १,३८८,७९५.४२ | १८,८७४,६३४.१६ | २०,२६३,४२९.५८ | २१,७२२,९३४.८२ |
| | **जम्मा** | | ३,४०१,५८२.३४ | ८३,६०९,८०८.४२ | ८७,०११,३९०.७६ | ६८,५१०,३१९.०८ |
| | **खर्च** | | | | | |
| १ | गत वर्ष सम्मको संचित नोक्सान | | - | - | - | - |
| २ | जग्गा खरिद तथा भवन निर्माण कोष | | १६,३४८.२८ | - | १६,३४८.२८ | ९५,१०६.८३ |
| ३ | अक्षय कोष | | ७७०,२६६.१२ | - | ७७०,२६६.१२ | ८८४,२७१.९४ |
| ४ | संस्थागत विकास कोष | | ७५०,१२७.७४ | - | ७५०,१२७.७४ | ७७८,५४२.९४ |
| ५ | लघुवित्त विकास कोष | | - | - | - | - |
| ६ | कर्मचारी संचय कोष | | - | - | - | - |
| ७ | एन.आर.एच कोष | | (५८४,२०३.००) | - | (५८४,२०३.००) | ४,४३६.०० |
| | **जम्मा** | | ९५२,५३९.१४ | - | ९५२,५३९.१४ | १,७६२,३५७.७१ |
| | **पूंजीकोषमा स्थानान्तरण** | | २,४४९,०४३.२० | ८३,६०९,८०८.४२ | ८६,०५८,८५१.६२ | ६६,७४७,९६१.३७ |

अनुसूची १ देखी अनुसूची २० सम्म लेखाका अभिन्न अंकहरु हुन

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

संगिता शर्मा पौडेल
प्रबन्धक

चण्डिप्रसाद शर्मा पौडेल
अध्यक्ष

सि.ए. सागर आचार्य
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

विमला गुरुङ
कोषाध्यक्ष

मितिः २०७४ भाद्र ११
स्थानः बाग्लुङ

बीरवहादुर किसान
सचिव

लक्ष्मण खड्का
उपाध्यक्ष

# चारतारे युवा क्लब, नेपाल

## नगद प्रवाह विवरण

आ.व. २०७३/०७४

| यस वर्ष जम्मा (रु) | विवरण | गत वर्ष जम्मा (रु) |
|---|---|---|
| | क) कारोवार संचालनवाट नगद प्रवाह | |
| **६१,१७३,९७०.०८** | **कर अघिको नाफा** | **५८,५८४,६५६.५१** |
| १,१११,०१०.१३ | जोड्ने: ह्रास कटि | १,२५५,९१२.६४ |
| ६२,२८४,९८०.२१ | कार्यगत पुंजी गतिविधि अघिको नगद प्रवाह | ५९,८४०,५६९.१५ |
| | समायोजन | |
| - | १. माग तथा अल्प सुचनामा प्राप्त हूने रकममा कमी/(वृद्धि) | - |
| (४०,०००.००) | २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (२०,०००.००) |
| (२२९,८४४,९६७.००) | ३. कर्जा तथा विल्स खरीदमा कमी/(वृद्धि) | (१७८,७४३,५१७.००) |
| (४४,९४९,२२७.३३) | ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (३६,३५४,४६८.१०) |
| १०४,७२९,०४७.०० | ५. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ११८,७१०,६३०.०० |
| १२,५६१,१५६.३५ | ६. कर्जा नोक्सानी तथा अन्य व्यवस्थामा (कमी)/वृद्धि | २५,२२२,१३२.२५ |
| ४७,१००,८४०.६४ | ७. अन्य दायित्वमा (कमी)/वृद्धि | २६,९००,९०३.१३ |
| **(४८,१५८,१७०.१३)** | **क) कारोवार संचालनवाट नगद प्रवाह** | **१५,५५६,२४९.४३** |
| | **(ख) लगानी कारोवारमा नगद प्रवाह** | |
| - | १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - |
| (१,६२५,३८१.००) | २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (१,१९२,०६५.००) |
| - | ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - |
| - | ४. लाभांश आम्दानी | - |
| ५,८४२.०७ | ५. अपलेखन गरिएका स्थीर सम्पत्ति | १६,७१६.७० |
| **(१,६१९,५३८.९३)** | **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(१,१७५,३४८.३०)** |
| | **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | |
| २९,५९०,६८३.३५ | १. दीर्घकालीन ऋणमा वृद्धि/(कमी) | ३,७६७,८८७.४९ |
| ३७,७७७,४५६.२२ | २. कोषहरुमा वृद्धि/(कमी) | ६१,२०६,०९०.६७ |
| - | ३. अन्य दायित्वमा वृद्धि/(कमी) | - |
| **६७,३६८,१३९.५७** | **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **६४,९७३,९७८.१६** |
| **१७,५९०,४३०.५१** | **(घ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **७९,३५४,८७९.२९** |
| ५१,६३४,४३१.०८ | **(ङ) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **६९,२२४,८६१.५९** |
| **६९,२२४,८६१.५९** | **(च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१४८,५७९,७४०.८७** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अनुसूची १ देखी अनुसूची २० सम्म लेखाका अभिन्न अंकहरु हुन

संगिता शर्मा पौडेल
प्रबन्धक

चण्डिप्रसाद शर्मा पौडेल
अध्यक्ष

सि.ए. सागर आचार्य
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

बिमला गुरुङ
कोषाध्यक्ष

बीरबहादुर किसान
सचिव

लक्ष्मण खड्का
उपाध्यक्ष

मिति: २०७४ भाद्र ११
स्थान: बागलुङ

# सभा संचालन कार्यविधि

**प्रस्तावनाः**

चारतारे युवा क्लव CYC नेपालको कार्य समिति बैठक साधारण सभा र अधिवेशनहरु नियमबद्ध र क्रमवद्ध रुपमा संचालन गर्नका लागि विधानको भाग १४ उपदफा (१) वमोजिम यो standing order २०५६ तयार गरी लागु गरिएको छ ।

**१. अध्यक्षताः**

१२ चारतारे युवा क्लव CYC नेपालको कार्यसमितिको बैठक साधारण सभा र अधिवेशन अध्यक्षता चारतारे युवा क्लवको विधान २०४९ को भाग ६ को दफा २३ को उपदफा २ वमोजिम कार्यसमितिको अध्यक्षले गर्दछन् । निजको अनुपस्थितिमा कार्यसमितिका उपाध्यक्ष र निज पनि अनुपस्थित र भएमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट सभाको अध्यक्षता गरिने छ ।

१.२ बैठकको संचालन र आदेशका लागि अध्यक्ष जिम्मेवार हुनेछन् ।

१.३ बैठक सुचारु रुपले संचालन गर्न, कसैलाई पनि बोल्नबाट रोक लगाउन आवश्यक परेको खण्डमा अध्यक्षले बोल्नबाट रोक लगाउन सक्नेछन् ।

१.४ बैठकको अवधिमा अध्यक्षले आवश्यक परेका खण्डमा यो Standing order को व्याख्या र वैठक संचालन विधि सम्वन्धि विवादित प्रश्नहरु बारे च्गाष्लिन गर्ने छन् ।

१.५ अध्यक्षले च्गाष्लिन गरेको विषयमा कुनै विवाद उत्पन्न भएमा उक्त चगाष्लिन लाई तत्काल सभा समक्ष निर्णयका लागि प्रस्तुत गरिने छ ।

१.६ अध्यक्षले कुनै पनि समय बैठकको सत्र स्थगत गर्न सक्नेछन् । अर्को निर्णय नलिएको अवस्था सम्म बैठक स्थगन रही रहने छ ।

१.७ अध्यक्षले कुनै पनि समय वक्ताहरुले समयावधि सीमित गर्न सक्ने छन् । अध्यक्षले वैठकमा बोल्न चाहने सहभागीहरु वारे सूचित गर्न सक्नेछन् र अन्य वक्ताहरुको सूचि वन्द गर्न सक्छन् । यो कुनै पनि सहभागीहरुको प्रतिवेदन प्रस्तुत गर्ने वा भोट हुनु पूर्व प्रस्ताव गर्ने अधिकारीलाई खण्डित गर्नेछैन ।

१.८ अध्यक्षले कुनै पनि समय विषयवस्तु (Agenda) को कुनै खास विषयमा समयावधि सीमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई निर्णयका लागि लैजान वा छलफल बन्द गर्ने प्रावधान लागु गर्न सक्नेछन् तर यो प्रावधानले सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने प्रतिउत्तर गर्ने अधिकार वा भोट हुनु पूर्व प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्ने छैन ।

१.९ अध्यक्षले वैठकमा छलफल भएका कुराहरु टिपोट गनै वैठक संचालनका लागि सहयोग गर्न आवश्यकता अनुसार Reporters हरु नियुक्त गर्ने छन् ।

१.१० कसैले क्लवको वैठकको अवहेलना गरेमा सम्वन्धित बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा एक वर्षमा नवढाई निलम्वन गर्न वा पदबाट हटाउन सक्नेछन् तर वैठकलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा विचार गर्न सकिने छ ।

१.११ वैठकको अध्यक्षता गर्ने व्यक्तिले तोकेको स्थान र समयमा सदस्य एवं अन्य पदाधिकारीहरुले आसन ग्रहण गर्नुपर्नेछ ।

१.१२ वैठकमा सदस्य एवं पदाधिकारीहरुको बोल्ने पालो वा समय अध्यक्षले तोकिदिए अनुसार हुने छ । प्रस्तावकले बोले पछि सो प्रस्तावमा बोल्न चाहने सदस्यहरुलाई सभाध्यक्षले बोल्न अनुमति दिनुपर्ने छ ।

छलफलको अन्तमा प्रस्तावकले बोल्न चाहेमा अध्यक्षता गर्ने व्यक्तिले वोल्न अनुमति दिनु पर्ने छ। एउटै प्रस्तावमा प्रस्तावक वाहेक अरु सदस्य एवं पदाधिकारीहरुले एक पटक भन्दा बढी बोल्न पाउने छैनन।

१.१३ साधारण सभाको वैठकमा कार्यसमितिका कुनै पदाधिकारी वा सदस्यहरुले फ्लोरबाट वा ड्यासबाट कुनै प्रकारको प्रश्न उठाउन पाइने छैन। यसो गरेमा यस Standing orders को १.१० वमोजिम हुने छ।

१.१४ वैठकमा एउटा सदस्य एवं पदाधिकारीहरु वोलिरहेको समयमा अर्को सदस्य एवं पदाधिकारीहरुले कुरा काटी बीचमा बोल्ने छैनन्।

१.१५ वैठकमा भएको छलफलमा कुनै सदस्य एवं पदाधिकारीहरुले अप्रसाङ्गिक कुरा गरेमा वा विधान विपरित छलफल गरेमा वा आपत्तिजनक शब्द प्रयोग गरेमा अध्यक्षले निजलाई रोक्न, सम्झाउनु वा आपत्तिजनक शब्दहरु फिर्ता लिन आदेश दिन सक्ने छन् उक्त आपत्तिजनक शब्दहरु फिर्ता नलिएमा बैठकबाट ३० मिनेटका लागि निस्कासन गर्न सक्नेछन्। यसो गर्दा पनि नभएमा यसै order १.१० वमोजिम हुने छ।

१.१६ वैठक संचालनको सिलसिलामा सभाध्यक्षले दिएको आदेश र निर्देशन अन्तिम हुने छ।

## २ एजेण्डा (प्रस्ताव)

२.१ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporters हरुले सभाध्यक्षसंग सल्लाह गरी साधारण सभाको (एजेण्डा) विषय वस्तु तयार गर्नेछन् र त्यो विषयवस्तु कार्यसमितिमा प्रस्तुत गरिने छ। कार्यसमितिले अनुमोदन गरेपछि उक्त एजेण्डा साधारण सभामा प्रस्तुत गरिने छ।

२.२ साधारण सभामा कार्यसमितिबाट अनुमोदन भै आएका प्रस्तावलाई Adoption का लागि प्रस्तुत तयार गरिने छ। पारित भएपछि यो साधारण सभाको एजेण्डा वन्नेछ। वैठकको स्वीकृति वाहेक अन्य कुनै विषयहरुमा छलफल गरिने छैन।

२.३ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporter हरुको कम वैठकको प्रतिवेदन तयार गर्नु हुने छ। त्यस्तो प्रतिवेदनमा वैठकमा निर्णयहरु र छलफलमा प्रतिविम्वित भावनाहरु सम्मिलित हुनेछन्। छलफलको सन्तुलित निचोड र अल्पमतको भावनालाई पनि प्रतिवेदन समेट्ने छ।

## ३. विधान संशोधन प्रस्ताव :-

३.१ चारतारे युवा क्लवको विधान संशोधन सम्वन्धी प्रस्ताव मान्यता प्राप्त सदस्यहरुले वा कार्यसमितिका तर्फबाट वैठकमा प्रस्तुत गर्न सकिने छ। तर त्यस्तो प्रस्ताव कार्यसमितिको वैठकबाट पारित भएको हुनुपर्ने छ। CYC को विधान २०४९ को भाग १३ दफा ३३ अनुसार विधान संशोधन सम्वन्धी प्रस्ताव पारित हुनका लागि साधारण सभाका सदस्यहरुको खसेको मतको ५१ प्रतिशत वहुमत आवश्यक पर्नेछ साथै त्यस्तो विधान संशोधन सम्वन्धी कुनै पनि प्रस्ताव पारित हुनका लागि ७ दिन अगावै दर्ता भै सकेको हुनु पर्ने छ।

३.२ वैठक सम्वन्धी कुनै पनि प्रस्तावहरु आधिकारिक र मान्यता प्राप्त सदस्यहरुले मात्र प्रस्तुत गर्न सक्नेछन्।

३.३ अन्य प्रस्तावहरु Emergency Resolution को रुपमा दर्ता गर्न सकिने छ। तर त्यस्तो Emergency Resolution हरु एजेण्डामा समावेश गर्ने नगर्ने निर्णय कार्यसमितिले गर्ने छ।

३.४ चारतारे युवा क्लवको विधान विपरीत वा कार्यसंग असम्वन्धित वा संस्थाको मर्यादामा आँच आउने खालको कुनै पनि प्रस्तावलाई कार्यसमितिले विषय सूचीमा समावेश गर्ने छैन।

## ४. मतदान Voting:

४.१ वैठकमा विधान संशोधन बाहेक अन्य निर्णयहरु सामान्य बहुमतबाट लिइने छ।

४.२ साधारण सभामा भाग लिने सदस्यहरुको नाम १ महिना पहिले चारतारे युवा क्लवको कार्यालयमा विधिवत् रुपमा दर्ता भएको हुनु पर्नेछ। कम्तीमा पनि १० दिन पहिले सदस्य तथा पर्यवेक्षकहरुको नाम CYC को कार्यालयमा प्रकाशित हुने छ।

४.३ चारतारे युवा क्लवमा कार्यरत कर्मचारीहरु कार्यसमितिको निर्वाचन साधारण अधिवेशन सम्वन्धमा भएको छलफलमा भाग लिन पाउने छैनन् । तर सदस्य रहेको व्यक्तिलाई भने मताधिकारबाट बन्चित गरिने छैन ।

५. **POINT OF ORDER AND INFORMATION:**

५.१ कुनै पनि सहभागीले एयष्लतक या इचमभच उठाउन सक्नेछन् । तर मतदानको अवधिमा Voting प्रविधि संग सम्वन्धित भएको अवस्थामा Points of Order उठाउन पाइने छैन ।

५.२ एयष्लतक या इचमभच वैठकको संचालन र छलफलको विषयसंग अनिवार्य रुपले सम्वन्धित हुनुपर्ने छ । त्यसले छलफलको विषयवस्तुलाई Refer गर्ने छैन र कुनै अन्य विषयलाई प्रस्तुत गर्ने छैन ।

५.३ निम्न विषयहरु Points of Order को रुपमा उठाउन सकिने छ ।

- सभाध्यक्षलाई रुलिङ गर्नका लागि अनुरोध गर्न ।
- सभाध्यक्षको रुलिङमाथि चुनौती जसको निम्ति अनिवार्य रुपमा अरु २ जना सदस्यहरुको समर्थन आवश्यक हुने छ ।
- यदि चाडै मतदान गर्नु पर्‍यो भने, तर त्यो सभाध्यक्षले इच्छामा भर पर्ने छ ।
- कुनै प्रस्तावमा मतदान नगर्नका लागि ।
- यदि कुनै विषयवस्तुलाई उपसमिति वनाई Refer गर्नु पर्‍यो वा कार्य समितिमा पठाउनका लागि ।

६. **Points of Information:**

सहभागीहरुले Points of Information उठाउन सक्नेछन् । तर त्यस्तो Points of Information ले कुनै तर्क प्रस्तुत गर्ने छैन । त्यस्तो Points of Information ले सभाध्यक्ष वा वक्ता समक्ष सम्वन्धित विषयमा सूचनाको आग्रह गर्नेछ ।

७. **बाधा अड्काउ फुकाउने अधिकार :**

यो Standing order प्रयोग गर्दा परेका वाधा अड्काउहरु फुकाउन र विधान तथा नियमावलीको अधिनमा रही आवश्यक आदेश तथा निर्दशन दिने अधिकार सभाध्यक्षलाई हुने छ ।

८. **जिम्मेवारी तोक्न सक्ने :**

संस्थासंग सम्वन्धित व्यक्तिहरु, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लगायतका जिम्मेवार प्राप्त अन्य व्यक्तिहरु अनुपस्थित रहेको अवस्थामा उनीहरुले गर्ने भनेका कार्यहरु सभाध्यक्षले तोकिदिएको व्यक्तिबाट हुनेछ ।

९. Standing orders **को संशोधन :**

- यो Standing orders को संशोधनका लागि सामान्य प्रस्तावको रुपमा संशोधन प्रस्ताव पेश गर्न सकिनेछ ।
- यो Standing orders मा कुनै संशोधन नभए साधारण सभाको वैठकको प्रारम्भ क्तबलमष्लन orders adoption को Agenda item अर्न्तगत प्रस्तुत गरिने छ । पारित भएमा तुरुन्त लागु भएको मानिने छ ।
- यो Standing orders का कुराहरु CYC को विधान अनुसार हुनेछन् ।

# कृषि पेशाबाटै जीवनशैली परिवर्तन गर्दै फुलमती

गाउघरतिर सुनिन्छ **"जसले मह काट्छ उसले हात चाट्छ"** भन्ने युक्ति । फुलमती दिदि पनि त्यस्तै ब्यक्तित्व हुनुहुन्छ जसले जिवनको आधा भाग कृषि क्षेत्रमा बिताउनुभयो । हिजोआज पनि कृषि तथा पशुपालन क्षेत्रमै ब्यस्त देखिनुहुन्छ । उहाले आफ्नो बारीमा तरकारी खेतीसँगै फलफुल खेती पनि शुरु गर्नुभएको छ । जसबाट उहाको जिवनशैली नै परिबर्तन भएको छ ।



फुलमती बिक बि.सं २०१६।०२।०४ गतेका दिन बाबा पुर्ण बहादुर बिक र आमा उमाकली बिकको कोखबाट दोस्रो सन्तानको रुपमा आजभन्दा ५९ बर्ष अगाडि बाग्लुङ जिल्ला काठेखोला गाउपालिका वडा न ६ बिहुकोटमा जन्म लिनुभएको हो । सामान्य घरमा जन्म लिनुभएको फुलमतीले स्कुलको नाम समेत सुन्न नपाएको गुनासो गर्नुहुन्छ । पहिले पहिले छोरीलाइ पढाउन हुन्न भन्ने परम्परा थियो भन्नुहुन्छ । सानैदेखी बाबु आमाको अघिपछी घास दाउरा मेलापात गर्दागर्दै १६ बर्षको उमेरमा बाग्लुङ जिल्लाकै मध्यक्षेत्र हटिया ३ खाल्ले निबासी आमा भबी बिक र बाबु पुर्ण बहादुर बिकको कान्छा छोरा सँग बैबाहिक जिवनमा बाधिनुभयो । घरको कान्छि बुहारी भएर होला अलिक बेसी काम गरेको गुनासो पोख्नुहुन्छ उहा । दिनहरु बित्दैथिए उहाको कोखबाट ३ छोरी र २ छोरा गरी ५ सन्तानको जन्मभयो । परिवार ठुलो भएकोले आबश्यकता बढ्दै गए समस्याहरु थपिदै गए छोराछोरीको लालनपालन शिक्षा दिक्षा औषधी उपचार खर्च धेरै हुन्थ्यो भन्नुहुन्छ । जसका लागि मेलापात ज्याला मजदुर गरेर आवश्यकता पुरा गर्थे भन्नुहुन्छ ।

कुरा १३–१४ बर्ष अगाडिको हो त्यतिबेला हटियामा चारतारे युबा क्लब बाग्लुङ नामक संस्था आएको रहेछ । त्यसपछी २०६० माघ महिना तिर हाम्रो गाउमा पनि त्यो संस्था आइ गाउका दिदिबहिनी जम्मा गरी तालिम दिएको थियो जहा म पनि सहभागी थिए । त्यस तालिममा भबिष्यमा आइपर्ने समस्या समाधानका लागि बर्तमानमा केहि पैसा जम्मा गर्नुपर्छ भन्ने सन्देश थियो । साथै अप्ठ्यारो पर्दा ऋण लिइ किस्ता किस्ता गरी १ बर्षमा ऋण चुक्ता गर्ने ब्यबस्था मिलाइएको थियो । सुरु सुरुमा हामी समुहका सबै दिदिबहिनीहरुले बचत मात्रै गर्दथ्यौ । ऋण माग्न निकै डर लाग्ने गर्थ्यो भन्नुहुन्छ फुलमती दिदि । यस केन्द्रबाट शुरुमा आफुले नै रु ५००० ऋण लिइ बाख्रापालन गरेको



बताउनुहुन्छ । उहाले उक्त ऋणले लिएको बाख्राबाट प्रशस्त आम्दानी गरेको र पछी दाम्रो ऋण रु १०००० लिइ कृषि पेशा सुरु गरेको बताउनुहुन्छ । यसै संस्थाबाट वितरण गरिएको अदुवाको बिउ मुला साग सिमीको बिउ रोपी मनग्य आम्दानी गर्न सफल भएपछी झन् हौसला मिल्यो र यस कार्यलाइ बिस्तार गर्दै सून्तला कागती भोगटे जस्ता फलफुल रोप्दै गए भन्नुहुन्छ ।यसै तरकारी तथा फलफुल हटिया बजार सम्म बेच्ने गरेको सुनाउनुन्छ । तरकारी तथा फलफुल खेतीका लागि विभिन्न समयमा ब्यबसायिक र सिपमुलक तालिम लिएको बताउनुहुन्छ साथै यसै तरकारी तथा फलफुल खेती बाट बार्षिक रु १५०००० भन्दा बढि आम्दानी गरेको बताउनुहुन्छ । कृषि पेशा सँगै बाख्रापालनमा पनि उहाको रुची त्यति नै रहेको छ उहा बाख्रा सँगै रमाउदै आफ्नो दिनचर्या बितेको सुनाउनुहुन्छ ।

चारतारे युबा क्लब नेपाल ले नै आफुलाइ यहासम्म आउन बाटो देखाएको हो भन्नुहुन्छ ।सुरु सुरुमा बचत गर्न सिकायो पछी ब्यबसायिक बन्न पनि यसै संस्थाले सिकायो भन्नुहुन्छ । यस संस्थाले हातमा सिप र क्षमता साथै परिश्रमी ब्यक्ति तथा लगानीको श्रोत नभएका सदस्यलाइ बिना धितो ऋण उपलब्ध गराएर उद्यमी बन्न सिकाएकोमा यस संस्थाप्रति आभारी छु र अन्त्यमा म जस्ता दिनदुखीको सदैब सारथी बन्न सफल होस् भनी शुभकामना ब्यक्त गर्दछु भन्दै मुस्कुराउनु हुन्छ उहाको हासो सदैब रहिरहोस् ।

# अगरबत्ती निर्माण तालिम सम्पन्न

बागलुङ, १९ फाल्गुण, २०७३

चारतारे युवा क्लव सिवाईसी नेपाल अक्षते शाखा कार्यालय बागलुङको आयोजनामा लेखानी गाविसमा १ दिने अगरबत्ती निर्माण तालिम सम्पन्न भएको छ।

संस्थाले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरुलाई सिपमुलक तालिम प्रदान गरी व्यवसायीक दक्षता बृद्धि गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको हो । तालिम लेखानी गाविस स्तरीय सञ्जालका निर्देशक बसुमती पुनको अध्यक्षता र सिवाईसी लघुवित्त कार्यक्रम अक्षते शाखा कार्यालयका शाखा प्रवन्धक कृष्ण खड्काको सञ्चालनमा सम्पन्न भएको थियो ।

तालिममा अगरबत्ती निर्माण, अगरबत्तीको बजारीकरण, यसको महत्व, विशेषता लगाएतका विषयमा प्रशिक्षक रेनु खड्काले सहजिकरण गर्नुभएको थियो । प्रशिक्षक खड्काले प्रशिक्षार्थिहरुलाई तालिममा सिकेको सिपलाई व्यवहारमा परिवर्तन गरी व्यवसायीक बन्न सुझाव दिनु भएको थियो । तालिममा ३० जनाको उपस्थिती रहेको थियो ।

# जस्ले स्कुल छाडे, तर उनि पढाउछन् ।

विज्ञानको प्रमाण नै छ **"साना झिल्काले इन्जीन चलाउछ"** जस्तो विद्युत र चुम्वकीय शक्ति । हरेक सफलताका पछाडि एउटा कारण हुन्छ । वागलुङ जिल्ला दमेक गाविसको कालापातलका एक सामान्य पुर्व कृषक तथा हाल एक सफल उद्यमी वावु आमा चन्द्र व छन्त्याल र हरीकला छन्त्याल को कान्छो छोरा को रुपमा समिर छन्त्यालको मिती २०५४ सालमा भएको थियो । उमेरले काचै भएपनी व्यावसाहिक सिपले समिर छन्त्याल एक परीपक्व नवयुवा हुन । दुनियाका धेरै युवा गाजा चरेसमा लठ्ठीई वरालिएर गुणलाई पच्छाईरहे । कपी कलम किन्न समेत तरकारी प्लास्टीकको थैलामा लिएर जाने उनी सानै देखि मेहनति थिए । पढाइमा निकै अव्वल रहेका उनी हरेक कक्षामा प्रथम स्थान प्राप्त गर्थे एक पटक जिल्ला स्तरमा समेत उत्कृष्ट स्थान प्राप्त गर्न सफल उनी उच्च तह अध्ययनका लागि विद्यालय गएनन् । एस.एल.सि. सकेपश्चात उनी सिपको खोजिमा लागे पहिला पोखरा हट एण्ड स्पाइसीमा २ महिना सिप लिए जहा उनी ब्रेड सम्वन्धी सिप लिन पाए त्यस पछि उनी केक सम्वन्धी ज्ञानका लागि गोर्खा सम्म पुगी २




हिडीरहदा उ चाहिं सिपको खोजिमा वरालिएर हिड्यो ठाउं भेट्टायो अनि त्यसमै मग्न भई लठ्ठीएर सिप सिक्यो । वावुको व्यवसाहिक सोचको उपज आफु भएको वताउने उनी सानै उमेरदेखि नै उद्यमी वावुको महिना सम्म सिप हासील गरे ।

सिवाईसी नेपाल र उनका वावुको सम्वन्ध वाट उनी सिवाईसी नेपालप्रति आकृषित भएको वताउने उनी अन्तत सिवाइसी नेपालको पुरुष लघुवित्त केन्द्रमा

समावेश भए । सहज वचत तथा कर्जा सुविधावाट आफ्नो व्यवसाहिक करीयरको लागी इटा थप्ने काम गरेको वताउने उनी लघुकर्जाले रक्त संचारले जस्तै काम गरेको वताउछन् । रु. २,००,०००।- सम्म कर्जा सिमाको कर्जा उपयोग गरेका उनी विषेश गरी उपकरणखरीदमा त्यो कर्जा उपयोग गर्दछन् । आफुसंग भएको स्रोतको सही सदुपयोग गर्नु पर्छ भन्ने मान्यता राख्ने उनी इच्छा शत्ति भयो भने जे जस्तो अप्ठ्यारो कर्म पनि सहजै सम्पन्न हुने वताउछन् । हट एण्ड स्पाइसी एउटा उद्यमी हातहरुको व्यावसाहिक समुह हो त्यहि समुहको साथ वाट आफुलाइ झनै सहज व्यवसाय विस्तारमा टेवा पुर्‍याएको वताउने उनी सिवाईसी द्धारा आयोजना हुने विभिन्न कार्यक्रमहरुवाट आफुलाई उर्जा प्राप्तहुने वताउछन् । “नेपालमै केहि छ र त्यो हामी आफैं लिनुपर्छ पौरखद्धारा” उनको वाक्य हो यो । यो लेखक जव उनका अगाडी वसेर उ संग कुरा गरीरहेको थियो झण्डै कतै नहराएको किनकी उसमा सिधा उर्जाको प्रावह थियो केहि गर्नुपर्छ भन्ने महान उद्देस्य को । “वेरोजगारी वढीरहेको अवस्थामा उनलाई विध्यमान वेरोजगारी संथानको उत्पादक वन्न मन लागेन र कलेज गईन” भन्ने उनी आफै पढाउछन् पढ्दा तपाईलाई अचम्म लाग्न सक्छ । सफल सिक्षक त्यो हो जसले स्वयमलाई चिनाउने काम गर्दछ । हालसम्मको छोटो अधिमा उनले आफ्नो व्यवसायमा निशुल्क रुपमा ५ जनालाई पेसागत रुपमा दक्ष वन्ने गरी सिप सिकाई सकेका छन् यो उनको प्रत्येक्षे शिक्षण हो भने उनको लगावतावाट अन्य कैन्यौले सिकीरहेका छन् । समिर संग उसका २ दाजुभाई  दिदी संगै पेसामा व्यस्त छन् । एकाविहानै देखि साझ अवेर संम्म व्यवसायमा व्यस्त हुने उनी हप्ताको एक दिन साथिभाईहरु संग मज्जाले घुम्म मन पराउछन् । वि.स. २०६० साल तिर मात्र दश पन्द्रहजार रुपैयां लिएर वजार झरेको उनको परीवार हाल पच्पन्न साठी लाखको मालिक वनीसकेको छ । हाल दैनिक दश हजार भन्दा वढी कारोवार आम्दानी हुने वताउने उनी व्यवसायमा नयां विस्तार अनि विकास गर्न रुचाउछन् व्यवसायले गुणस्तरमा प्रतिस्पर्धा गर्नु पर्छ दिने सेवामा प्रतिस्पर्धा गरेमा नै व्यवसायमा नविनताको विकास हुने वताउने उनी व्यवसाय विस्तार गर्न चाहन्छन् । हाल उनको सपवाट उत्पादन हुने सामाग्रीहरु कुश्मा पर्वत, वेनि म्याग्दी, वुर्तिवाङ  वागलुङ लगाएतका स्थानमा जान्छन् । छिट्टै क्रिम व्यसायको डिलर लिने सोचमा रहेका उनी भारतको एक आइस्क्रीम कम्पनी भारीलाल वाट पुरस्कृत समेत भईसकेका छन् । संसारमा केहि गर्ने सुत्र भनेकै तिव्र इच्छा र मेहनत हो भन्दै उनी थप भन्छन् सिवाईसी नेपाल समाजका हरेक जांगरीला हातहरुको सहयात्रि वनेको छ । जोस जागर भएका युवा शक्ति ज्यादै न्युन पारिश्रमीकमा विदेशका कठीनाइहरु संग हण्डर खाईरहेकोमा दुखेसो पोख्दै केहि गर्न यहि सरल भएको वताउछन् । विदेश जादा गर्ने लगानि यहि गरे त्यहा भन्दा वेशि पैसा टिप्न यहि सहज हुने स्विकार गर्दै उनले वेलैमा सचेत हुन आग्रह गरे ।

(विष्णु पौडेल)
शाखा प्रवन्धक
लेखक तथा संयोजनकर्ता

# लघुवित्त कार्यक्रमको समिक्षा बैठक सम्पन्न

*बागलुङ, ०५ भाद्र २०७४*



चारतारे युवा क्लव सिवाईसी नेपालद्धारा सञ्चालीत लघुवित्त कार्यक्रम अन्तर्गत आ.व. ०७४।०७५ को प्रथम समिक्षा बैठक बागलुङको होटल दि राजनमा सोमवार सम्पन्न भएको छ।

बैठकमा संस्थाका शाखा कार्यालयहरुले १ महिनासम्म गरेका कार्यहरुको प्रगती समिक्षा तथा आगामी योजनको बारेमा छलफल भएको थियो । बैठकले संस्थाले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमको जोखीमलाई न्यूनिकरण गर्नका लागि यस आ.व. लाई बचत बृद्धि वर्षको रुपमा सञ्चालन गरी जोखीमलाई कम गर्ने रणनीति लिने निर्णय गरेको छ। संस्थाले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमको प्रभावकारीता, संस्थाले वित्तीय कारोवारका अलवा समुदायको हितका लागि सञ्चालीत समुदायमा सिवाईसी, समयदान तथा समय व्यवस्थापन, गाविस/शाखा स्तरीय सञ्जाल गठन तथा बैठक लगाएतका कार्यक्रमहरुको उपलवधी तथा प्रभावकारीता, भाखा नाघेको ऋणलाई शुन्य बनाउने अभियान, कर्मचारी तथा सदस्यहरुको अध्ययन अवलोकन भ्रमण लगाएतका विषयहरुमा बैठकमा छलफल तथा निर्णय भएका छन् ।

बैठकलाई सम्वोधन गर्दै संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले लघुवित्त कार्यक्रममा पछिल्लो समयमा देखिएका समस्याहरुलाई समाधान गर्नका लागि नयाँ सोच र शैलीहरु अपनाउनुपर्ने बताएका थिए । पौडेलले सिवाईसीले सञ्चालन गरेका कार्यहरुको बारेमा बुझाउन नसक्दा सिवाईसी लघुवित्त कार्यक्रमलाई पनी अन्य लघुवित्त कार्यक्रमलाई जस्तै सदस्यहरुले बुझ्ने गरेको धारण राखे । सिवाईसीले वित्तीय कारोवार संगसंगै समाजउपयोगी धैरै कार्यहरु गर्दै आईरहेकाले यसलाई प्रचार प्रसार गरी लघुवित्त कार्यक्रमलाई थप गुणस्तर र प्रभावकारी बनाउन कर्मचारीहरुलाई निर्देशन समेत दिएका थिए ।

संस्थाले वित्तीय कारोवार संगसंगै सदस्यहरुको मानविय समवेदना, सामाजिक सुरक्षा, समयदान तथा समय व्यवस्थापन, समुदायमा सिवाईसी, महिलाहरुको शशक्तिकरण, सञ्जाल गठन, दिगो कृषि लगायत विभिन्न तालिम तथा शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

संस्थाका अध्यक्ष पौडेलको अध्यक्षतामा सम्पन्न समिक्षा बैठक तम्घास शाखाका प्रवन्धक कृष्ण शर्माको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा मुख्य कार्यलयका कर्मचारी र १९ वटा शाखा कार्यालयहरुका शाखा प्रवन्धकको उपस्थिती रहेको थियो ।

# १९ बुँदे बागलुङ घोषणा जारी गर्दै लघुवित्त सम्मेलन सम्पन्न

*बागलुङ, २७ मङ्सीर, २०७३*




**"उद्यमशिलताको विकास, गरिवी निवारको निकास"** भन्ने मुल नाराका साथ चारतारे युवा क्लव सिवाईसी नेपालले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रम अन्तर्गतको १६ औं लघुवित्त सम्मेलन १९ बुँदे बागलुङ घोषणा जारी गर्दै सोमवार सम्पन्न भएको छ।

संस्थाले सञ्चालन गर्दै आईरहेको लघुवित्त कार्यक्रमको वारेमा सदस्यहरुसंगै छलफल गरी कार्यक्रमवाट उठेका सवालहरुलाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी लघुवित्त कार्यक्रमलाई अझ थप प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रमको आयोजान गरिएको थियो।

कार्यक्रममा सिवाईसी लघुवित्त कार्यक्रमका शाखा स्तरीय सञ्जालका प्रतिनीधि एवं उद्यमीहरु, महिला अधिकारकर्मी, सरकारी तथा गैर सरकारी निकायका प्रमुख एवं प्रतिनीधि लगाएतका सरोकारवालहरु गरी करिव ५०० जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन गर्दै स्थानीय विकास अधिकारी रामप्रसाद आचार्यले विपन्न गरिव तथा पछि पारे परीएका वर्गहरुको शशक्तिकरण, स्थानीय स्तरमा उद्यमहरुको सिर्जना, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धनमा लघुवित्त कार्यक्रमले महत्वपूर्ण भूमीका खेलेको बताए। आचर्यले सिवाईसीले हुँदा खानेहरुलाई हुने खानेमा रुपान्तरण गर्नका लागि खेलेको भूमीकाको प्रशंसा गर्दै जिल्लाको विकासमा सिवाईसी नेपालसंग सहकार्य गरेर अगाडि वढ्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए।

सम्मेलनमा विस्तृत छलफल गरी तयार पारिएको घोषण-पत्रलाई सिवाईसीका विशिष्ट सदस्य महिला अधिकारीकर्मी शकुन्तला शर्माले प्रस्तुत गरेकी थिईन। घोषण-पत्रमा लघुवित्त कार्यक्रम नपुगेका गाँउ र वडाहरुमा कार्यक्रम विस्तार गरि गरीवी न्यूनीकरणको राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने, लघुवित्त कार्यक्रममा दोहोरोपन नगर्ने, दोहोरोपनमा संलग्न सदस्यहरुले क्रमशः दोहोरोपना छोड्दै जाने वातावरण सिर्जना गर्ने, निर्वाहमुखी नवनी उद्यमका अवसरहरु सिर्जना गर्ने, यसका लागि उत्पादन र प्रशोधनका कार्यहरुलाई जोड दिने, स्थानीय निकायमा विनियोजित रकमको सहि सदुपयोगिताका लागि अभियान संचालन गर्ने, अधिकारमा आधारीत विकास प्रकृयालाई आत्मसात गर्दै सोही अनुसारको विधि व्यवहार गर्ने, महिला हिँसाको अन्त्यका लागि साझा अभियान संचालन गर्ने, नेपाल सरकारवाट संचालीत अभियानहरुलाई सकृय सहयोग पुऱ्याउने, वालवालिका र युवाहरुको समुन्नत विकासको अभियानहरु संचालन गर्ने, गराउने जस्ता बुदाँहरु घोषण-पत्रमा उल्लेख गरिएको छ।

कार्यक्रममा संस्थाका संरक्षक पद्मनाथ शर्मा पौडेल ,सल्लाकार देववहादुर श्रेष्ठ, जिल्ला कृषि विकास कार्यालय बागलुङका प्रमुख मदन थापा, महिला तथा वालवालीका कार्यालयका महिला विकास अधिकृत सीता अधिकारी, जिल्ला भु संरक्षण कार्यालयका प्रमुख शेरवहादुर श्रेष्ठ, महिला अधिकारकर्मी शकुन्तला शर्मा, उषा पौडे, भविकला रोका, विष्णु राना, सिवाईसी लघुवित्त कार्यक्रम केन्द्रिय सञ्जालका निर्देशक अप्सरा थापा, उद्यमीहरु कमल थापा र माया रायमाझि लगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा जिल्लामा नवआगन्तकु प्रहरी उपरीक्षक राजेन्द्र ढकाल, वरिष्ठ कृषि विकास अधिकृत मदन थापा र जिल्ला भु संरक्षण कार्यालयका प्रमुख शेरवहादुर थापालाई सफल कार्यकालको शुभकामना साथै जिल्लामा स्वागत गरिएको थियो। साथै कार्यक्रममा समुदायमा सिवाईसी कार्यक्रम अन्तर्गत बाटोघाटो नपुगेका बेलवगर शाखा अन्तर्गतका केन्द्रहरुलाई ३ वटा स्टेचर वितरण गरिएको थियो।

संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाको सम्रग प्रगती तथा भावि रणनीतिको वारेमा संस्थाका कार्यसमिति सदस्य सीता शर्माले जानकारी गराएकी थिईन। कार्यक्रम उपाध्यक्ष लक्ष्मण खड्काको स्वागत र सञ्चालन सचिव विरवहादुर किसान र सह-सचिव गण्डकी थापा अधिकारीको सञ्चालनमा सम्पन्न भएको थियो।

# रेश गाविसमा सञ्चालीत स्वास्थ्य जाँच सेवामा २५० भन्दा वढिको स्वास्थ्य जाँच

*बागलुङ, १९ मङ्सीर २०७३*

जिल्लाको रेश गाविसमा भएको एक दिने स्वास्थ्य जाँच सेवावाट २५० भन्दा वढि सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको छ। चारतारे युवा क्लव सिवाईसी नेपालको आयोजना र मुक्तिनाथ हस्पिटल एण्ड रिसर्च सेण्टर प्रा. लि. बागलुङको सहकार्यमा महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सञ्चालन भएको स्वास्थ्य जाँच सेवामा विभिन्न स्वास्थय समस्या लिएर आएका २५० भन्दा वढि सेवाग्राहीलाई गाईनो, पेट छाती, मुटु, प्रेसर, सुगर, महिला सम्वन्धी रोग, सर्जरी तथा सम्पूर्ण स्वास्थ्य जाँच सेवा र औषधि निशुल्क रुपमा प्रदान गरिएको छ।

कार्यक्रममा स्वास्थ्य जाँच सेवा सञ्चालनको उद्देश्यका बारेमा प्रकाश पार्दै डा. प्रदेज सापकोटाले जनताको जीवनसंग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्यसेवालाई व्यवसायीक भन्दा पनि सेवाको रुपमा लिएर प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने र स्वास्थ्य सेवा लिनका लागि पोखरा जानपर्ने समस्यालाई अन्त्य गर्नका लागि सिवाईसीसंग समन्वय गरी मुक्तिनाथ हस्पीटलले विभिन्न स्थानमा स्वास्थ्य जाँच सेवा सञ्चालन गर्न लागिरहेको जानकारी दिए।

स्वास्थ्य जाँच सेवाको सुरुवातका क्रममा बोल्दै सिवाईसी लघुवित्त कार्यक्रम शाखा स्तरीय सञ्जाल अक्षतेका सल्लाहाकार सीता थापाले स्थानीय स्तरमै सञ्चालन गरिन लागेको स्वास्थ्य जाँच सेवा रेश वासीहरुका लागि सुखद तथा खुसीको कुरा रहेको बताउदै सिवाईसी र मुक्तिनाथ हस्पीटललाई धन्यवाद दिएकी थिईन । स्वास्थ्य जाँच सेवा कार्यक्रमको सञ्चालन संस्थाका प्रवन्धक संगिता शर्मा पौडेलले गरेकी थिईन।

मिति २०७३ मङ्सीर १२ गते तित्याङ, १६ गते भकुण्डे र १९ गते रेशमा सम्पन्न निशुल्क स्वास्थ्य जाँच सेवामा सर्जन डा. प्रदेज सापकोटा, स्त्री रोग विशेषज्ञ डा. रुविना श्रेष्ठ, फिजिसीयन डा. आन्नद जि.सी र डा. सन्दीप सापकोटा लगाएतको स्वास्थ्यकर्मीहरुको टोलीवाट स्वास्थ्य परीक्षण गरिएको थियो।

# नोट/टिप्पणी